साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक ६ २०८३ भदौ ९ गते मंगलबार (Aug 25, 2026) मूल्य रू. १०/-

## लालपूर्जा ५ सय दिनमा



ढुक्क हुनोस्, ५ सय दिनभित्र लालपूर्जा दिन्छौं । देशैभरका सुकुमवासीको समस्या समाधानका लागि ऐनमा धेरै संशोधन गर्नुपर्ने छ, अहिलेको कानुनमा केही बाधा अडचन छन्, सुकुमवासीको समस्या समाधान गर्न सरकार लागिपरेको छ, कानुनमा देखिएका समस्या सुधार गर्छौं । लालपूर्जा दिन्छौं ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिहीन, सुकुमवासीलाई आश्वस्त पारेकीछिन् । मन्त्री रावलले भनेकी छिन्- तपाईहरूलाई लालपुर्जा दिने बाटो खुलिसकेको छ, कानुनमा सुधार भइरहेको छ । छिटोभन्दा छिटो काम सुरू गरेर तपाईंहरूको हातमा लालपूर्जा दिन्छौं । बसेको ठाउँबाट उठाउने काम सरकारले गर्दैन । सहकारी, लघुवित्त, मिटरव्याज पीडितहरू समेत यो सरकारसँग आशावादी रहेका छन् ।

## फलामै खानी चल्नेभो



नवलपरासीको हुप्सेकोट पालिका ५ स्थित धौवादीमा रहेको फलाम खानी उत्खनन् हुनेभएको छ । धौवादी फलाम कम्पनीले ९ करोड ६० लाख धाउ निकाल्ने योजना बनाएर खानी तथा भूगर्भ विभागमा बुझाएको छ ।

जमिनमुनीको फलामको समेत उत्खनन् रिपोर्ट सहित आएको निवेदनमा खानी विभागले अझै पलाम कम्पनीलाई अनुमति दिइसकेको छैन । अनुमति पाएपछि उत्खनन् र भण्डारण तथा थप अनुसनधान अघि बढाउने कम्पनीले जानकारी दिएको छ । यो उद्योग यति महत्वपूर्ण छ कि देशको खपतको २५ प्रतिशत फलाम आपूर्ति यही कम्पनीबाट हुनसक्छ । रोजगारको सिर्जना हुने, अर्थतन्त्रमा मद्दत पुग्ने यति महत्वपूर्ण उद्योगलाई अनुमति दिन पुरानै शैली अपनाएर किन ढिलासुस्ती भइरहेको छ, यो भने आश्चर्यपूर्ण रहेको छ ।

## साग खेलकुद पाकिस्तानमा हुने




सार्क मारेर बिमस्टिक जन्माउने भारतले दक्षिण एसियाली ओलम्पिक काउन्सिल (एसएओसी) को निर्णयअनुसार चैत २० देखि २८ सम्म पाकिस्तानमा हुने १४औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागिता जनाउने छ । यो खेलकुदमा २८ खेल समावेश गरिएका छन् । आयोजक पाकिस्तानसहित नेपाल, बंगलादेश, भुटान, भारत, मालदिभ्स र श्रीलंका सहभागी हुने भनिएको छ । २०१९ मा नेपालमा भएको यस्तो खेलकुद ४ हुने भनिए पनि सार्क शिखरसँग यो खेलकुद पनि भारतकै कारण रोकिएको थियो । यसपटक यो आयोजना हुने विश्वास गरिएको छ ।

# राणाले पनि राजाकै फेर समाते



राजतन्त्रको टेको लिने उद्देश्यले पूर्वपञ्चहरूले राप्रपा गठन गरे । तर जन्मदै दुई चिरा बन्यो । लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापाले राजतन्त्रकै टेको खोजिरहे । पछि कमल थापा आएपछि पनि राजतन्त्र र हिन्दुराष्ट्रको नाममा भोटबैंक तैयार पारियो । पूर्वपञ्चहरू बहुदलमा प्रधानमन्त्री बने, मन्त्री बने । सिद्धान्त र नीति राजतन्त्र र हिन्दुराष्ट्र बोक्नेहरूले ठूला दलको काखमा लुट्पुटिने र सत्तास्वार्थ पूरा गरिरहे । यो क्रम संविधानसभाको निर्वाचनसम्म पनि कायमै रह्यो । जब २०६५ साल जेठ १५ गते अवैधानिक रूपमा गणतन्त्र कार्यान्वयनको प्रस्ताव चुनाव हरूवा कृष्णप्रसाद सिटौलाले सभामा राखे, राजावादीले टेबुल ठटाएर समर्थन गर्ने पूर्वपञ्चहरू नै थिए ।

पछि दुर्गा प्रसाई निस्के, केशर बहादुर बिष्टले पनि राजतन्त्र र हिन्दुराष्ट्रको निकै बखान गरेकै हुन् । नवराज सुवेदीसमेत मैदानमा उत्रिएका थिए । यिनीहरूले पटक पटक आन्दोलन गरे, राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गराएरै छाड्ने प्रतिवद्धता पनि व्यक्त गरेका थिए । तर सकेनन् । यिनको आन्दोलन सत्तारूढको दमनमा समन भयो । यिनीहरूको आन्दोलन दुई दिने तातो बहसमा सिमित हुनपुग्यो ।

२०४६ को बहुदलपछि र ०६३ को जनआन्दोलनको सफलतापछिको लोकतन्त्र र २०६५ को गणतन्त्र कार्यान्वयनपछिको लोकतान्त्रिक गणतन्त्रको समय, हरेक पल्ट पूर्वपञ्चहरूले राजतन्त्र र हिन्दुराष्ट्र ल्याएरै छाड्ने भनेर राजाको फेर समाइरहे । पूर्वराजाले यिनीहरूलाई पटक पटक दर्शनभेट दिइरहे । कुरा सुनिरहे । तर पूर्वपञ्चहरूले ०४६ सालमा पञ्च हौं भनेर उभिन सकेनन् । २०६३ सालको घोषणपछि आफ्नो परिचय नदिई गणतन्त्र कार्यान्वयनमा साथ दिए भने संविधान घोषणा हुँदा जनताको सुझाव किन संविधानमा सामेल गराएन भनेर पनि बोलेनन् ।

अरू त अरू, २०६३ साल वैशाख ११ गते भारतका प्रतिनिधिका रूपमा आएका बेदान्ताचार्य करण सिंहको साक्षीमा भएको राजनीतिक दलहरू र राजावीचको राजतन्त्र निरन्तर कायम रहने ५ बुँद सहमतिका विषयमा पनि कहिल्यै बोलेनन् । सोधेनन् । तत्कालीन ठूला पार्टीहरूले पूर्वराजालाई धोका दिए, पूर्वपञ्चहरू, जो संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्रको नीति सिद्धान्त बोकेर हिडेका छन्, तत्कालीन लोकेन्द्रबहादुर चन्द देखि वर्तमान राप्रपा अध्यक्ष राजेन्द्र लिंगदेनसम्मले मुद्दा उठाउन सकेनन् । यहाँसम्म कि संघीयता मान्दैनौं भन्ने राप्रपाले संघीय र प्रदेश सरकारमा समेत सामेल भएर स्वार्थ पूरा गरिरहे ।

पूर्वराजाको फेर समातेर स्वार्थ पूर्ति गरिरहेका र सिद्धान्तमा सधैं विचलित भइरहेकाले होला, गत फागुन २१ को चुनावमा जनताले राप्रपालाई जुम्लाको १ सिटमा ज्ञानेन्द्र शाहीबाहेक सबैको टिकट कटाइदिए । यसपछि राप्रपाभित्र ठूलै झगडाका बीउ रोपियो । मिल्नलाई राजेन्द्र लिंगदेन र कमल थापा मिलेका छन् तर महामन्त्री धवल शमशेरले बिद्रोह गरेर पार्टी फुटाइदिए, जय नेपाल पार्टी गठन गरेका छन् । उनी राजतन्त्र र हिन्दुराष्ट्र हुनैपर्छ भन्ने नेता हुन् तर पार्टी गठन नहुँदै दुर्गा प्रसाईले राणा हुन्जेल राजतन्त्र फर्कदैन भनेर मुण्टो बटारे, धवल शमशेरले पार्टी गठन गरे । पार्टी गठन गर्नासाथ पूर्वराजाको फेर समात्न पुगिहाले ।

गत शनिवार राजाको दर्शन पाएपछि यसलाई धवल शमशेर तत्कालै प्रचार गरेर राजतन्त्र र हिन्दुवादीहरूको ध्यान आफूतिर तान्ने प्रयास गरे । उनले राजतन्त्र र हिन्दुराष्ट्रको विषयमा हस्ताक्षर अभियान र सर्भेक्षण गरिरहेको बताएका छन् । तर आजसम्मका राजतन्त्र र हिन्दुवादीहरू नेताहरूको स्वार्थशिद्धि गर्नका लागि राजतन्त्रको फेर समात्ने र राजतन्त्रलाई राप्रपावादी देखाएर बदनाम गर्ने कार्य अहिले पनि जारी नै राखेका छन् ।

पूर्वराजाले अहिलेसम्म सबै राजनीतिक दलहरूलाई समान व्यवहार गर्दै राष्ट्रको चिन्ता र जनतासँग संवाद गर्दै आएका छन् । राजाको आफै आधिकारिक दाबी गर्ने राप्रपा र जय नेपाल पार्टीको व्यवहारले जनतामा आक्रोश पैदा गराएको छ । यद्यपि पूर्वराजासँग खिचेको फोटो हिमानी ट्रष्टको कार्यक्रमको भएको र यसैलाई धवल शमशेरले भजाएको बहस चलेको छ ।

राप्रपाजनको लागि पूर्वराजा राजनीतिक रोटी सेकाउने भुङ्ग्रो बनेको लामा समय भइसक्यो । पूर्वराजाले संवाद, सहमति र सहकार्यको लागि सबै राजनीतिक शक्तिहरूलाई आह्वान गर्ने गरेको विषय राजतन्त्रवादी हुँ भन्नेहरूको भेजामा घुसेको देखिदैन । राजतन्त्रवादी अचम्मका छन् ।

## ८ वर्ष, ९ आयोग हत्यारा पत्ता लागेन



बिकिनी किलर चार्ल्स शोभराजजस्ता अन्तर्राष्ट्रिय अपराधी पक्राउ गर्न सक्षम नेपाल प्रहरीले कञ्चनपुरकी निर्मला पन्तको २०७५ साउन १० गते भएको बलात्कार र हत्याको अपराधी पत्ता लगाउन नसक्नुको कारण के होला ? ८ वर्ष, ९ छानबिन समितिको प्रयास खेर गएको छ । प्रहरीका अनुसार डीएनए परीक्षणबाट नतिजा नआएपछि प्रहरीले ह्युमन इन्टेलीजेन्स विधिबाट अनुसन्धान गर्दा पनि निष्कर्ष निस्केको छैन । अनुसन्धान जारी छ ।

गृहमन्त्री सुदन गुरूङले संसदमै गम्भीर अनुसन्धान भइरहेको र छिटै अपराधीसम्म पुगिने बताए पनि पछिल्लो छानबिन समितिका कृष्ण पंगेनी, दधिराम न्यौपाने, हरि खतिवडा र वीरेन्द्र बिसीसहितको १५ सदस्यीय प्रहरी अनुसन्धाताहरू सफल भएका छैनन् । यो समितिले नतिजा निकाल्नेमा गृह मन्त्रालय ढुक्क रहेको सुनिन्छ ।

निर्मलाको बलात्कार र हत्यापछि थुप्रै घटना भएका छन् । प्रहरीले चुनौतीका रूपमा बलात्कार र हत्या सम्बन्धमा अनेक विधि अपनाएर यो केश टुङ्ग्याउने प्रयास गरिरहेको बुझिन्छ । 'नतिजा आउने गरी अनुसन्धानको काम भइरहेको छ ।' प्रहरीको यो भनाइ कहिले पुष्टि होला भन्ने प्रश्न उठेका बेलामा समाज सडकमा उत्रेर बलात्कारी र हत्यारालाई फाँसीको माग गरिरहेका छन् ।

# मुलुकमा देखापरेको राजनैतिक द्वन्द्व र समाधानका उपाय



**नारायणप्रसाद मिश्र–**

हाम्रो देशले विगतका कैयौं दशकमा गहिरा राजनीतिक परिवर्तनहरू भोगेको छ । तर राष्ट्रको विकास र जनताको कल्याणमा कुनै ठोस प्रगति गर्न नसकेको मात्र होइन, असह्य कुशासन, अव्यवस्था, भ्रष्टाचार र अधोगति बढ्दै गएको अवस्थाको देश झन्–झन् राजनीतिक द्वन्द्वमा फस्दै गएको कि ? भन्ने भान हुन्छ ।। जनताका अत्यावश्यक आवश्यकतामा ध्यान केन्द्रित गर्नुको सट्टा राष्ट्रको ठूलो राजनीतिक ऊर्जा अझै पनि राजतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताजस्ता विषयमाथिको बहसमै खर्च भइरहेको छ । देशको यस्तै समस्या र यसै विषयको चिन्तन, मननको सन्दर्भमा मेरो मनमा केही विचारको उत्पति भयो । सो मैले नेपालीमा 'पायौं त हामीले के पायौं' शीर्षकको एउटा सरल कविताकोरूपमा लेख्न पुगे ।

यी विचार र विषयहरू राजनीतिक असहमति र सामाजिक तनावका प्रमुख स्रोत बनेका छन् । विभिन्न समुदाय र समूहका मानिसहरू धर्म, सङ्घीयता तथा शासन प्रणाली र राष्ट्रप्रमुखको स्वरूपका विषयमा हुने विवादमा तानिने गरेका छन् । देशलाई एकताबद्ध बनाउनुको सट्टा यी विवादास्पद विषयहरूले विभाजन र टकरावलाई बढावा दिएका छन् । हाम्रो देशको राजनीतिक अवस्था कहिलेकाहीं राष्ट्रप्रमुख- राष्ट्रप्रति वा राजा, सङ्घीयता र धर्मनिरपेक्षताका प्रश्न वरिपरि नियमितरूपमा घुमिरहेको जस्तो देखिन्छ । यी विषयमा हामी अत्यधिक समय बहस गर्छौं, जबकि राष्ट्रिय प्राथमिकताका अन्य अत्यावश्यक विषयहरूले पर्याप्त ध्यान पाउन सकेका छैनन् । शिक्षा, रोजगारी, आर्थिक विकास, पूर्वाधार, सार्वजनिक सेवा, सुशासन र आम नागरिकको कल्याण राष्ट्रिय नीतिको केन्द्रमा हुनुपर्ने हो । त्यसमा समय कमै लगाएको देखिन्छ ।

मेरो विचारमा, मुख्यतः माओवादी आन्दोलन र त्यसपछिका राजनीतिक घटनाक्रममार्फत जनमतले भन्दा बलपूर्वक ल्याइएका यी राजनीतिक परिवर्तनहरूले नेपालको राजनीतिक जीवनमा गहिरोसँग नकारात्मक प्रभावको जग गाडिसकेको जस्तो लाग्छ । यी विषयलाई जनता र देशले भन्दा माओवादीहरूले विशेष प्राथमिकता दिएका थिए र छन् ।। यी विषयहरू हाम्रो संविधानका अभिन्न अङ्ग बनिसकेका भएपनि देशमा कहिल्यै अन्त्य नहुने द्वन्द्वका बीउका रूपमा ती विषयहरू स्थापित भएको जस्तो देखिन्छ । यसमा समर्थन गर्ने र विरोध गर्नेको ठूलै जमात यो मुलुकमा भइसकेको पनि देखिन्छ । कसैले तिनको समर्थन गरोस् वा विरोध, तिनका परिणामलाई सहजै बेवास्ता गर्न सकिँदैन । यी आधारभूत तथा विवादास्पद प्रश्नहरूको उचित समाधान नभएसम्म हाम्रो देशमा राजनीतिक द्वन्द्व नियमित जारीनै रहने देखिन्छ ।

त्यसैसँगै, एउटा गम्भीर कठिनाइ पनि छ । जब-जब यी विषय उठाइन्छन्, तिनैले नयाँ असहमति र द्वन्द्व सिर्जना गर्न सक्छन् । त्यसैले नेपाल एउटा कठिन चक्रमा फसेको देखिन्छ– सबैभन्दा तत्काल समाधान गर्नुपर्ने विषयहरू नै राष्ट्रलाई विभाजित गर्न सक्ने सबैभन्दा बढी क्षमता भएका विषय पनि बन्न पुगेको देखिन्छ ।

**त्यसो भए अबको बाटो के हो ?**

यदि राजतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षताजस्ता आधारभूत प्रश्नमा जनताबीच वास्तविक र निरन्तर असहमति छ भने, तिनको समाधान गर्ने सबैभन्दा शान्तिपूर्ण र लोकतान्त्रिक उपाय जनमतसङ्ग्रह हुन सक्छ । देशको भविष्यसंग सम्बन्धित यस्ता आधारभूत प्रश्नमा जनतालाई स्वयं प्रत्यक्ष रूपमा आफ्नो विचार व्यक्त गर्ने अवसर दिनुनै यसको सही उपचार हुनसक्छ ।

यस्तो जनमतसङ्ग्रहलाई एउटा राजनीतिक पक्षको अर्को पक्षमाथिको विजयका रूपमा लिनु हुँदैन । यो आपसी समझदारी, लोकतान्त्रिक सिद्धान्त र विपक्षी विचारप्रतिको सम्मानका आधारमा सम्पन्न गरिनुपर्छ । यसको उद्देश्य आधारभूत प्रश्नहरूको शान्तिपूर्ण समाधान खोज्नु र व्यापक जनस्वीकृति प्राप्त गर्ने राजनीतिक व्यवस्था स्थापित गर्नु भन्ने कुरा सबैले बुझ्नुपर्छ ।

यदि यी विषयहरू अनिर्णीत नै रहिरहे भने, तिनलाई राजनीतिक परिचालन र टकरावका साधनका रूपमा प्रयोग गरिरहने खतरा यो देशमा सदा रहन्छ । राजनीतिक दलहरूले नागरिक नागरिकबीचका मतभेदको निरन्तर दुरूपयोग गरिरहन सक्छन्, जबकि देशका अत्यावश्यक समस्याहरू भने उपेक्षित भइरहने छन् ।

हामीले आफ्नो भविष्यलाई अनन्त रूपमा राजनीतिक अतीतका विषयमा बहस गर्दै बिताउने अवस्था छैन । अन्ततः देशले जुनसुकै राजनीतिक व्यवस्था रोजे पनि त्यो व्यवस्था जनताको सेवाका लागि हुनुपर्छ । कुनै पनि राजनीतिक व्यवस्थाको सफलता त्यसको नाम वा संरचनाबाट मात्र होइन, त्यसले जनतालाई शान्ति, सुरक्षा, सुशासन, शिक्षा, रोजगारी, आर्थिक अवसर र राम्रो जीवनस्तर प्रदान गर्न सकेको छ कि छैन भन्ने आधारमा मापन गरिनुपर्छ ।

यदि हाम्रो देश यी आधारभूत राजनीतिक प्रश्नहरूमा स्थायी रूपमा विभाजित भइरह्यो भने, अन्य द्वन्द्वग्रस्त देशहरूले भोगेको जस्तै द्वन्द्वको चक्रमा फस्ने जोखिम हाम्रो देशले पनि बेहोर्न सक्छ । यस्तो परिस्थितिमा सार्थक राष्ट्रिय विकास अगाडि बढ्न सक्दैन ।

हामी हाम्रो देशमा अझ राम्रो अवस्था चाहन्छौं । हामी शान्तिपूर्ण र स्थिर देश चाहन्छौं । हामी पनि अरू बिकसित मुलुकका जस्तै शान्ति, स्थिर र विकसित देश पाउनु पर्ने हकका जनता हौं । यसैले अहिले मात्र होइन, भबिष्यमा पनि हरेक समयको सरकारले आपसी झैझगडा र द्वन्दवाट उम्की आफ्नो ध्यान र स्रोतहरू विकास तथा नागरिकको कल्याणमा केन्द्रित गर्न सकोस् भन्ने कामना गर्छौं ।

त्यसैले हाम्रा आधारभूत राजनीतिक प्रश्नहरूको शान्तिपूर्ण र लोकतान्त्रिक समाधान खोज्ने समय आएको छ । जनताको सहमतिमा यी विषयहरूको समाधान भइसकेपछि देशले आफ्नो सम्पूर्ण ध्यान सबैभन्दा महत्त्वपूर्ण कामतर्फ केन्द्रित गर्न सक्छ–शान्तिपूर्ण, समृद्ध, शिक्षित र विकसित नेपाल निर्माणतर्फ ।

हाम्रो भविष्य सदा राजनीतिक द्वन्द्वमा कैद भएर रहनु हुँदैन भन्ने कुरा हामी सबैले बुझ्नु पर्छ ।। हाम्रो भविष्य जनताको कल्याण र राष्ट्रको विकासमा समर्पित हुनुपर्छ ।

*narayanshanti70gmail.com लेखक परिचयः नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा धेरै लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।*

**पायौं त हामीले के पायौं ?**

भनेका थिए कसैले हामीलाई
राजा नभएपछि सब कुरा हुन्छ ।
अर्कोले त्यस्तै बुझाएका थिए-
संघीयता आएपछि सबै मिल्छ ।
कसैले हामीलाई सिकाएका थिए-
धर्मनिरपेक्षताले हाम्रो भलो हुन्छ ।
अब त सबैलाई थाहा भयो,
राजा पनि गए, संघीयता पनि आए,
धर्मनिरपेक्षता देशमा मुस्कुराए,
गणतन्त्र, गणतन्त्र देशमा घन्किए ।
भए त यहाँ के भए ?
यहाँ झगडाको बोट, बृक्ष उम्रे ।
भए त यहाँ के भए ?
कहिल्यै नटुङ्गिने कलहवृक्ष उम्रे,
भए त यहाँ के भए ?
यो शान्तिक्षेत्र देश द्वन्द्वक्षेत्र भए ।
पायौं त हामीले के पायौं ?
कुशासनको सरकार पायौं ।
पायौं त हामीले के पायौं ?
भ्रष्टाचारको देश पायौं ।
पायौं त हामीले के पायौं ?
दुरावस्था पायौं, दुर्गति पायौं ।
पायौं त हामीले के पायौं ?
हामी सबैले दुःख पायौं ।

# लिपुलेकबारे संजीव रोकाहाको अध्ययन




२०१५ मे १५ का दिन लिपुलेक भञ्ज्याङलाई भारत र चीन अन्तर सीमा व्यापार नाका वनाउने सहमति भए पश्चात् नेपालले विरोध गरिरहेको छ । यस विषयमा विभिन्न परराष्ट विद् एवं नागरिक समाजका व्यक्तिबाट आ आफ्नै ढंगले फरक फरक धारणा सार्वजनिक गरिँदिदा यसको यथार्थ के हो भ्रमण अन्यो मा देखिन्छ ।

यहाँ हामीले वुझ्नुपर्ने कुरा के हो भने भारत र चीनबीच सन्धी पश्चात केही परराष्ट्रविद र सिमाविद् वाट कालापानी लिपुलेक र त्रिदेशीय विन्दु का विषयमा अभिव्यक्त विचारहरू आपत्तिजनक एवं भ्रामक छन् । लिपुलेक त्रिदेशीय विन्दु हुँदै होइन । त्रिदेशीय विन्दु त्यहाँ वाट करिव ५० कि. मि पश्चिम जोडिलंका हिमालमा पर्ने ६१८० मी को लिम्पियाधुरा टाकुरा हो । यदि कसैले यसलाई त्रिदेशीय विन्दुको रूपमा विकास गर्ने कुरा गर्छ भने भारतिय चाहनाको पृष्ठपोशक हो । महाकाली नदीको उद्गम स्थल कुटि नजिक रहेको कालापानीको ताल नै कालापानी हो । भारतले आफ्नो विस्तारवादी सोच अनुरूप नेपालको व्यास नक्कली गाविस-१ मा नक्कली कालापानी र काली मन्दिर खडा गरेको केवल हाल उत्तर प्रदेशमा बनाइएको लुम्बिनी जस्तै हो । यो नक्कली कालापानीबाट वग्ने खोलालाई धेरैले कालापानी खोला भन्नु गलत हो । त्यो तुलसी खोला हो । यथार्थमा लिपुलेक भारतले सन् १९६२ मा अतिक्रमण गर्नु पूर्व नेपालीले प्रयोग गर्थे । लिपुलेकको सम्पुर्ण दक्षिण भाग नेपालको दार्चुला जिल्लाको व्यास गाविसमा पर्छ र उत्तरी भाग तिव्वतको ताक्लाकोट हो । वि.स. २०४० सालको गोश्वारा नापी सम्म पनि कुटी, नावी र गुञ्जी लगायतका जनताहरूको नाममा मालपोत कार्यलय दार्चुलामा जग्गा दर्ता भएको छ । सन् १९६१ देखि नै भारतले यी गाउँका जनतालाई विषेश आरक्षण दिई प्रायः सवैलाई सरकारी सेवामा लगाएको र आधारभुत सेवाहरू विद्युत, खानेपानी, स्वास्थ आदि निःशुल्क उपलव्ध गराएको कारण स्थानीयहरूनेपालमा बुझाएको मालपोत रसिद देखाउदै प्रश्न गर्छन्- भारतवाट प्राप्त सुविधा नेपालबाट पनि पाउन सकिन्छ त ?

सन् १८१६ मा नेपाल र भारतबीच सम्पन्न सुगौली सन्धिमा महाकाली नदी भन्दा पश्चिमको भुभाग भारतको हुने छ भनी स्पष्ट उल्लेख गरिएको छ । महाकालि नदिको उद्गम स्थलका विषयमा भारतले फरक मत जाहेर गरेपनी नदिको मुहान सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता एवं वैज्ञानिक हिसावले हेर्दा ८०.१६ं पुर्व देशान्तर र ३०.४०ं आक्षांश उत्तरको कुटियाङ्दि लिम्पियाधुरा घाटिनै वास्तविक महाकालीको मुहान हो । नेपालसँग सिमा जोडिएका १३ जिल्लाको ७१ ठाउँमा करीब ६० हजार ६६२ हेक्टर जमिन भारतीय पक्षबाट अतिक्रमण भएको छ । जसमध्ये ३७ हजार हेक्टर ३ भाग दार्चुला लिम्पियाधुरा लिपुलेकमा पर्दछ ।

प्रमाणहरू :

– सुगौली सन्धिको आधारमा नेपाल भारत संयुक्त टोलिले सन १८१८ ताका गरिएको सिमाङ्कनमा महाकाली नदीको मुहान कुटी पश्चिमबाट अन्तिम सीमा विन्दु लिम्पियाधुरा सम्म देखाइएको छ । सन् १८६० को प्रत्यार्वतन सन्धिमा दक्षिण पुर्व तर्फ को सवै भु-भागबारे उल्लेख भएतापनि उत्तर पश्चिम सीमावारे सन्धि मौन हुनु सुगौलि सन्धि ताकाको सिमाङकनलाई नै मान्यता दिएको यथेष्ठ पुष्ठी हुन्छ ।

– सन् १८२६ फेब्रूअरी-१ मा इष्ट इण्डिया कम्पनीद्वारा प्रकाशित कुमाउ गढवालको नक्शामा कालिनदीको उद्गम स्थल लिम्पियाधुरालाई निश्चित गरि निर्धारण गरिएको छ । यसको अर्को प्रमाणको रूपमा बेलायत वाट सन् १८३० र १८४६ मा प्रकाशित नक्शामा स्पष्ट लिम्पियाधुरालाई महाकाली मुहान देखाएको छ ।

– राणा शासन कालमा कुटी, नावी, गन्जी, छाडरू ,र तिकंर सिर्दो (मालपोत) उठाउन भनि त्यहाका जिम्मावालालाई दिएको सदन पत्र अझै त्यहाका बृद्धहरूसँग सुरक्षित रहेको वताउँछन् । २०५३ मा महाकाली सन्धि गर्दा महाकालिको उद्गम स्थलको प्रष्ट किटान नगरी हतारमा सन्धि गर्नु नै हाम्रो प्रमुख कमजोरी देखिन्छ ।

– सन् १९६१ म नेपाल चीन सम्झौता हुंदा लिम्पियाधुरालाई महाकालीको मुहान भनि स्पष्ट किटान गरिएको छ । यसलाइ १९७१ को नेपाल चीन सीमा प्रोटोकलले समेत थप स्पष्ट गरिएको छ । सन् २००१ नोभेम्वर १ मा कालापानीको विवादको सन्दर्भमा चीनका एक उच्च कुटनितिक अधीकारीले कालापानी र लिपुलेक नेपालको भुमि हो भनि यकिन साथ वताएका थिए ।

भारत-चीन-स्वार्थ :

भारतको राजधानी दिल्लीबाट चीनको सीमाना र कैलाश मानसरोवार पुग्ने सवभन्दा छोटो नाका (लम्वाई ६५० कि.मि मात्र) यही हो । भारतले राष्ट्रिय राजमार्ग घोषणा गरी ७२५ कि.मि भन्दा बढी डवल लेनको पक्कि सडक निर्माण गरिसकेको र वाँकी द्रुत गतिमा निर्माण भइरहेको छ । भविष्यमा यसलाइ सिल्करोड सम्म जोडेर स्थलमार्गवाट युरोप सम्म पुग्ने भारतको चाहाना देखिन्छ । छोटो कैलाश, ओम पर्वत व्यास गुफा नक्कली कालापानी र काली मन्दिर लगायत धेरै धार्मिक तिर्थस्थलहरू यसै मार्गमा पर्ने हुँदा यसको ठुलो महत्व रहेको छ ।

लिम्पियाधुरा भन्दा लिपुको उचाइ झण्डै ५०० मि. कम भएको तथा यो नाका लिम्पियाधुरा भन्दा ५०/६० कि.मि छोटो र सजिलो रहेको हुदा भारतको स्वार्थमा त्रिदेशीय विन्दु लिपुलेक सारेको हो । भारतले यसैसँग नक्कली कालापानीको मुहान निर्माण गरि विसौंहजार हेक्टर नेपाली भुभागमाथी एककाधिकार कायम गर्न सफल भएको छ । साथै भारतले पहिले देखी कव्जागरेको गुन्जि देखी उत्तर पश्चिम क्षेत्रमा भविष्यमा उच्च बोध निर्माण गरि हजारौं मेघावट विद्युत उत्पादन गर्ने योजना रहेको देखिन्छ । यस क्षत्रमा पाइने दुर्लभ वन्यजन्तु कस्तुरी, न्याहुर, तथा, यार्सागुम्वा, पाचँऔले जस्ता वहुमुल्य जडिबुटी एवं प्राकृतिक स्रोत साधनले सम्पन्न भएको हुदाँ यसको विशेष महत्व भारतले स्पष्ट वुझेको छ ।

भारतका लागि यो नाका निकै सामरिक महत्व राखेको तथा चीनका लागी विश्वमा सवभन्दा नजिकको विशाल बजार भारत हुने भएकाले दुबै देशको आ-आफनो स्वार्थका बिचमा यो समझदारी वनेको स्पष्ट छ ।

अन्त्यमा : यो समस्या समधानका निमित्त सरकारले यो सगँ सम्वन्धित सम्पुर्ण दस्तावेजहरूको राम्रो सँग अध्ययन एवं विष्लेषण गरी पुर्ण तयारीका साथ दुवै छिमेकीसँग अलग अलग वार्ता गरी पुराना नक्शा एवं सम्झौताका आधारमा दह्रो अडान राख्दै पालैपालो मनाएर मात्र त्रिपक्षीय छलफलमा वसेर सन्धि संशोधन गराउनु एकमात्र प्रमुख विकल्प रहेको छ । साथै भारतीय प्रधानमन्त्रीको पछिल्लो नेपाल भ्रमणका अवसरमा सीमा विवाद समाधान गर्न (खासगरी कालापानी र सुस्ता ) दुवै देशका परराष्ट्र सचिव हरूको कार्यदल गठनगरि सुझाव पेश गर्न दिइएको निर्देशन तथा कार्यदलको प्रतिवेदन एवं सुझाव नआउँदै लिपुलेकवाट व्यापार गर्न गरिएको सम्झौता नेपाल र नेपालीहरूको सार्वभौमिकतामाथीको ठाडो हस्तक्षेप हो ।

# वेद जयन्ति, जनैपूर्णिमा, रक्षाबन्धन

लीला अधिकारी, चितवन

हिन्दुहरूले मनाउने विभिन्न धार्मिक तथा साँस्कृतिक चाडहरू मध्ये रक्षा बन्धन एउटा पवित्र चाड हो । यसै दिन महर्षि यज्ञ बल्लवयले आदित्य ब्रह्म (सूर्य) बाट वेद प्राप्त गरेका थिए । अतः यस दिनलाई वेद जयन्तीको रूपमा र यसै दिनलाई जनै पूर्णिमा पनि भनिन्छ ।

नयाँ यज्ञोपवित तथा रक्षा बन्धन धारणा गरी यस पर्वलाई धुमधामका साथ मनाइन्छ । वैदिक सनातन वर्णाश्रमधर्म मान्ने तागाधारी जातीहरूले अघिल्लो दिन देखि नै चोखोनितो गरी एक छाक खाने, त्यस दिन विहानै नित्यस्नान प्रात : सन्ध्योपासना गरी सम्भव भए मध्यान्हमा नदी तलाउमा गई सम्भव नभए घरकै पवित्र जलले उपामार्ग, गाईको गोबर तथा चोखो स्थानको माटो कुशपानी आदि लगाई विधिपूर्वक श्रावणी निमित्तक मध्यान्ह स्थान, सन्ध्योपसना आदि सम्पन्न गर्दछन् । त्यसपछि जौ, तिल, कुश साथमा लिई अविछिन्न वंश परम्परा जोगाएका उपाध्याक वैदिक ब्राह्मणहरूमा गुरू थापी विधिपूर्वक आफ्ना शाखाका वेद वेदांगको पाठ गर्दछन् वा सुन्छन् । त्यस पछि आ-आफ्नो गोत्र, प्रवर र ऋषिगणहरूको तथा वर्तमान समयका अरून्धतिसहित सप्तषिमण्डलको विधिपूर्वक पूजा गरी ऋषित र्पणी, यज्ञोपवीताभिमन्त्रणा (जनै मन्त्रने काम) गर्दछन् । यसरी मन्त्रिएको जनै वर्षभरिको लागि आवश्यक पर्ने जति सबैले घरमा राख्दछन् । र मन्त्रेको पवित्र धागो जसलाई रक्षाबन्धन वा रक्षा सूत्र पनि भनिन्छ । त्यसैले गुरू वा भान्जा ज्वाईहरूबाट अरूले ग्रहण गर्दछन् ।

हिन्दुधर्मका वैदिकगन्य अनुसार जनैलाई ब्रह्मसूत्र अर्थात् वेदोत्वकर्म



सम्पादन गर्ने र वेदाध्ययन गर्ने अधिकार प्राप्तिका लागि धारणा गर्न मन्त्रिएको धागो भन्ने बुझिन्छ । शिखामा मध्ये एउटा जनैका शिखामा रहेका तीन डोरालाई ब्रह्मा, विष्णु र महेश्वर तथा अर्को जनैका शिखामा रहेका तीन डोरालाई कर्म, उपासना र ज्ञानका प्रतिकहरूको योग मानिन्छ ।

जनैमा प्रयुक्त हुने नै डोरा तीन ग्रन्थी वा शिखाहरूले ईश्वरीय ज्ञान र जीवनचक्र बारे वास्तविक रहस्य बुझ्ने कुरामा मागर्दशन गर्न सहयोग गर्छन् । यी कामहरू गर्दा व्यक्ति, देवगण, ऋषिगण र पितृगणबाट मुक्त हुने धार्मिक विश्वास छ । दानवी शक्तिबाट रक्षित हुनका लागि रक्षाबन्दन बाध्ने गरिन्छ । जनै पूर्णिमाको दिन बाँधिएको रक्षा बन्धन गाई तिहारको दिन गाईको पुच्छरमा बाँधिदिएमा मृत्युपछि वैतरणी सजिलै पार हुने जनविश्वास छ ।

पौराणिक कथा अनुसार देवराज इन्द्र र दैत्यराज बतासुरका साथ १२ वर्षसम्म भयंकर युद्ध चलेको थियो । त्यस युद्धमा असुरहरूले देवतामाथि विजय प्राप्त गरेका थिए । पराजित देवगणहरू एक संस्कार विहिन भएर जीवनयापन गर्न लागे । यसरी गौरविहिन जीवनदेखि देवराज इन्द्र बाँच्नु भन्दा मर्नु नै श्रेयस्कर सम्झेर असुरसँग अन्तिम युद्ध गर्ने संकल्प लिन्छन् । अतः देवगण वृहस्पत्तिले अघिल्लो दिन इन्द्रको कल्याण विजय कामना होस् भनी श्रावणमासको पूर्णिमाका शुभ महत्वमा इन्द्रलाई रक्षाबन्धन बाँधेर बल प्रदान गरेका थिए । त्यसैले आज पनि ब्राह्मण वा आचार्य गुरूहरूले शिष्य यजमानहरूलाई *येन बद्धो बलिः राज दानवेन्द्रो महावलः । तेन त्वां प्रतिबध्नामि रक्ष मा चल मा चल ।* अर्थात् जुन रक्षा सुत्रले अत्यन्त बलशाली राजा बली बाँधिएपछि सारा देवगण सुरक्षित भए । म त्यही रक्षा सुत्रले बाँधि तिमीहरूलाई सुरक्षित गर्दछु । तत्पश्चात् इन्द्राणीले इन्द्रको दाहिने हातमा रक्षा सूत्र बाँध्नु हुन्छ । त्यो कुन रक्षासूत्र थियो । जुन रक्षा सूत्र बाँध्नाले देवराज इन्द्र विजय बने । वास्तवमा त्यो पवित्रताको रक्षासूत्र थियो जसको भावर्थ यदि मानिसले आफ्नो असुरीकृतिहरूमा माथि विजय प्राप्त गर्न चाहन्छ भने आफ्ना धर्मपत्नीसँग पनि रक्षासूत्र अवश्य बाध्नु पर्दछ । मन, वचन र कर्मलाई पवित्र बनाउनु पर्दछ । एक अन्य शास्त्र तथा अनुसार जब यमदुतले आफ्नी बहिनी यमुनासँग राखी बाध्ने समयमा भनेको हुन्छ कि जसले यस पवित्रताको राखी बधाउँछ र ऊ यमदूतको सजाय वा भयबाट मुक्त हुन सक्दछ ।

यसकारण यस पर्वलाई विश्वतोडक पर्व पनि भनिन्छ । रक्षा बन्धन मर्यादा र आत्मनिग्रहद्धारा मृत्युमाथि विजय प्राप्त गर्ने पर्व हो । रक्षा सूत्रको बन्धन र टीक यस उत्सवको प्रमुख विधान हो । सूत्र आत्माको मर्यादा र समयंको प्रतिक हो । र टीका आत्मस्वरूप स्थितिमा स्थित हुने प्रतिक हो । रक्षा बन्धनको सही अर्थ आफू आत्मस्थितिमा अचल, अडोल भएर पवित्रताको पालना गर्नु हो भने पवित्रता नै मृत्युमाथि विजय प्राप्त गर्न सकिन्छ ।

यस दिन थरिथरिका गुडागुडी भिजाएर टुसा उम्रेपछि क्वाटी बनाई खाने चलन पनि छ । यसरी क्वाटी खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षाका कारणा चिसो भएको मौसममा शरीरमा ताप संचार हुने विश्वास गरिन्छ । विशेष गरी नेवार समुदायमा यस दिनलाई गुन्हु पुन्ही भनी मनाइने परम्परा छ । विभिन्न प्रकारका स्वरहरूबाट वर्षा र खेतीको कामबाट कृषकहरूलाई जानकारी दिने भ्यागुताहरूले गठेमंगलका दिन नरभंक्षी घण्टासुरलाई बाटो भुलाई धापमा पुऱ्याईदिएकोले त्यस दिन भ्यागुताको पनि पूजा गर्ने प्रचलन समाजमा रहेको छ ।

तराई क्षेत्रमा यो पर्व अगलै प्रकारले मनाइन्छ । यस दिन दिदीबहिनीले आफ्ना दाजुभाइलाई पवित्र धागो रक्षा बन्धन (राखी) बाधेर टिका लगाई मिठाईहरू खुवाउछन् भने दाजुभाइले दिदीबहिनीलाई उपहार दक्षिणा दिने प्रचलन छ । यसैगरी दाजुभाइले दिदीबहिनीको रक्षा गर्ने वचन दिन्छन् । यसरी तराई क्षेत्रमा रक्षा बन्धनलाई दिदीबहिनी र दाजुभाइको सफल जीवनको कामना गरी आपसी मायाको चाडका रूपमा पनि लिइन्छ ।

# मुगुको श्री महादेव मष्टा नमुना माध्यमिक विद्यालयको कृयाकलाप

रतन बहादुर रावल-

हिमालि जिल्ला मुगुको खत्याड गाउँपालिका अवस्थित श्री महादेव मष्टा नमुना माध्यमिक विद्यालय लुई ११ रातापानि विद्यालयका करिब ३६० जना विद्यार्थीहरूलाई स्टेसनरी सामग्री सहयोग गरिएको छ । अक्कल कोपिला फाउन्डेसन ले खत्याड गाउँपालिका को वडा नं.११ मा अवस्थि श्री महादेव मष्टा नमुना माध्यमिक विद्यालय रातापानि लुइ का ३६० जना अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेको हो । भौगोलिक रूपमा अत्यन्तै विकट मानिने मुगु जिल्लाको खत्याड गाउँपालिका पुग्न जिल्ला सदरमुकाम गमगढीबाट मात्रै पनि कम्तीमा एक दिन पैदल हिँड्नुपर्छ । हाल वर्षायामको सिमसिमे झरी र हिलाम्मे सडकको चुनौतीपूर्ण अवस्थालाई छिचोल्दै फाउन्डेसनका प्रतिनिधिहरू कष्टकर यात्रा तय गरी सामग्रीसहित विद्यालयमै पुगेका थिए । विद्यार्थीहरूले भने- 'हाम्रा लागि भगवान् बनेर आउनुभयो' हाम्रो विध्यालय मै आएर स्टेसनरी सामग्री पाएपछि खुसी हुँदै विद्यार्थीहरू ले फाउन्डेसनका संस्थापक एवं पूर्व सशस्त्र प्रहरी वलका हवल्दार समाजसेवी अक्कल बहादुर बोहरालाई धन्यवाद ज्ञापन गरेका थिए । स्थानीयबासी र विद्यार्थीहरूका अनुसार पूर्व सशस्त्र प्रहरी बलका हवल्दार समेत रहेका बोहरा मुगु जिल्लामा मात्र नभई देशका दूरदराजमा रहेका दुःखी, असहाय, एकल महिला र आर्थिक अभावका कारण अस्पतालमा जीवन-मरणको संघर्ष गरिरहेका विपन्न नागरिकका लागि 'भगवान्' सरह बन्दै आएका छन् । सामग्री वितरणका क्रममा समाजसेवी बोहराले आफ्नो बाल्यकालको स्मरण गर्दै भने, "मैले सानो छँदा गरिबी र दुःखका कारण राम्रोसँग पढ्न पाइनँ, त्यो पीडा मलाई थाहा छ । मुगुका बालबालिकाहरूले शिक्षा पाउनबाट बञ्चित हुन नपरोस् र कसैले पनि पढ्ने बेला दुःख भोग्नु नपरोस् भन्ने मेरो चाहना हो ।' उनले आफ्नो जीवन रहेसम्म मुगु जिल्लाभरिको शिक्षा क्षेत्र सुधारका लागि निरन्तर सहयोग गरिरहने प्रतिबद्धता समेत व्यक्त गरेका छन् ।






बोहराको बहुआयामिक समाज सेवी हुन् नै, मुगु जिल्लाकै पहिलो सगरमाथा आरोही पनि हुन् । उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा मात्र नभई गाउँघरमा आर्यघाट निर्माण, सडक बाटो सुधार, पाटीपौवा, पुलपुलेसा, धर्मशाला तथा प्रतीक्षालय निर्माण जस्ता थुप्रै उदाहरणीय र चौतर्फी विकासका कार्यहरूमा ठूलो योगदान पुऱ्याउँदै आएका छन् ।

अक्कल कोपिला फाउन्डेसनले खत्याड गाउँपालिका को वडा नं. ६ मा अवस्थि श्री भगवती माध्यमिक विद्यालय लाम्रु पान्सेरि का २६० जना विध्यार्थि र सोही वडाको रास्कोटीवाडामा अवस्थित श्री मष्टा आधारभूत विद्यालयमा अध्ययनरत १८२ जना गरी कुल ४४२ जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरेका हुन् ।

विद्यार्थीहरूलाई विध्यालय मै पुगे स्टेसनरी सामग्री बितरण गर्ने अक्कल बहादुर बोहरा पहिलो समाजसेवी हुन् । यस्ता समाजसेवीकै कारण दूरदराजका विद्यालयहरूले पनि धेरै प्रगति गर्न सक्ने आशा एवम् विश्वास गर्न सकिन्छ ।

कतिपय असहायहरू उपचार पाइरहेका छैनन्, साना नानीहरूले शिक्षा पाइरहेका छैनन्, पढाउने शिक्षकले उचित वातावरण पाइरहेका छैनन् । देशका दूरदराजमा रहेका दुःखी, असहाय, एकल महिला र आर्थिक अभावका कारण अस्पतालमा जीवन-मरणको संघर्ष गरिरहेका विपन्न नागरिकका लागि केही गर्नुपर्छ भन्ने भावनाको विकास गर्न अक्कलबहादुर बोहोरा लागिपरेका छन्, यस्तै समाजसेवीहरू देशका विभिन्न भागमा देखा परे भने समाज सचेतनापूर्ण हुनजाने विश्वास गर्न सकिन्छ ।

दुःखीको पीडा मलाई थाहा छ भन्छन् अक्कलबहादुर । दुःखीका पीडा धेरैलाई थाहा छ । त्यो दुःखमा सक्नेले सहयोग गर्ने हो भने समाज बदलिन लामो समय लाग्नेछैन । राजनीतिले बाटो बिराए पनि समाजका चेतनशीलले सही मार्ग देखाए भने समाजले सुखानीभूति गर्नेछ । मगुत उदाहरण मात्र हो, हिमाली जिल्लाको । अन्य पहाडी र हिमाली जिल्लामात्र होइन, तराईमा पनि दीन दुखीहरू प्रशस्तै छन् । शोषणमा परेका पनि छन् । तिनको उद्धारका लागि बोहोराले जस्तै अरू पनि सहयोगी हातहरू अगाडि बढ्न जरूरी देखिएको छ । सरकारले मात्र सबै क्षेत्र र ठाउँमा हेर्न सक्दैन । सरकारले सकेसम्म गरेकै छ, गर्नेनै छ । तर राजनीतिक खिचातानीका कारण सरकारले पनि चाहेजसरी काम भएको छैन । देशमा समाजसेवी जरूरी छन् ।




## ८औं बाह्रखरी कथा प्रतियोगिता : कथा आह्वान

२०८३ भदौ ५, काठमाडौं । बाह्रखरी मिडियाले 'आठौं बाह्रखरी कथा प्रतियोगिता २०८३' का निम्ति कथा आह्वान गरेको छ । नेपाली भाषामा कथा लेखनको सम्वर्द्धन र प्रवर्द्धनमा बाह्रखरी मिडियाले विगत सात वर्षदेखि यो प्रतियोगिता आयोजना गर्दै आएको छ । विश्वभरिका नेपाली भाषामा कथा लेख्ने कथाकार प्रतियोगितामा सहभागी हुन सक्नेछन् । तोकिएको सर्त पूरा गरी आउँदो असोज ३ गतेभित्र कथा पठाउन आह्वान गरिएको छ ।

"कथा लेखन प्रतियोगिताको सबैभन्दा ठूलो पुरस्कार राशि रहेको यस कथा प्रतियोगितामा यही असोज ३ गतेसम्म सम्पूर्ण प्रतियोगीहरूले 12kharibooks@gmail.com मा इमेल गरेर कथा पठाउनु पर्नेछ ।" प्रतियोगितामा सर्वोत्कृष्ट तीन कथालाई क्रमशः दुई लाख, एक लाख र ६० हजार रूपैयाँ नगद राशिसहित प्रमाणपत्र प्रदान गरिने छ ।

अन्तिम चरणसम्म पुग्न सफल उत्कृष्ट २५ कथा समावेश गरी 'उत्कृष्ट कथा, २०८३' प्रकाशन पनि गरिने उल्लेख गरिएको छ । साथै सङ्ग्रहमा प्रकाशन हुने सर्वोत्कृष्ट तीनबाहेक बाँकी २२ कथाका कथाकारलाई जनही सात हजार रूपैयाँ सम्मान प्रदान गरिने छ ।

प्रतियोगितामा सहभागी हुन नेपाली भाषामा लेखिएको मौलिक कथा पठाउनुपर्नेछ । अघिल्लो वर्षमा यो प्रतियोगिताका निम्ति पठाइएका कथा दोहोऱ्याएर पठाउन नपाइने भएको छ । कथा अप्रकाशित र अप्रसारित हुनुपर्नेछ । नतिजा सार्वजनिक नहुन्जेल प्रतियोगितामा पठाइएको कथा कतै पनि प्रकाशन वा प्रसारण गर्न नपाइने भएको छ । कथा कम्तिमा १,५०० र बढीमा ४,००० शब्दसम्मको हुनुपर्नेलगायत सर्त पनि रहेको छ ।

यस वर्षको निर्णायक समूहमा अग्रज कथाकार भुवन ढुंगानाको संयोजकत्वमा डा. ज्ञानु अधिकारी र खगेन्द्र लामिछाने सदस्य रहनु भएको छ ।


सर्त तथा नियम :


- रचना नेपाली भाषामा लेखिएको मौलिक कथा हुनुपर्नेछ ।
-अघिल्लो वर्षमा प्रतियोगिताका लागि पठाइएका कथा दोहोऱ्याएर पठाउन पाइने छैन ।
- कथा अप्रकाशित र अप्रसारित हुनुपर्नेछ । नतिजा सार्वजनिक नहुन्जेल प्रतियोगितामा पठाइएको कथा कतै पनि प्रकाशन वा प्रसारण गर्न पाइने छैन ।
- छनोटमा परेका कथा अन्य माध्यममा प्रकाशन वा प्रसारण भएको पाइएमा पुरस्कार निलम्बन गरिनेछ ।
- 'डिगो बाह्रखरी कथा प्रतियोगिता'मा भाग लिने उद्देश्यले पठाइएका कथा पुस्तकका रूपमा प्रकाशन भइसकेपछि अन्यत्र प्रकाशन वा प्रसारण गर्न पूर्वस्वीकृति अनिवार्य छ ।
- कथा कम्तीमा १,५०० शब्द र बढीमा ४००० शब्दसम्मको हुनुपर्नेछ ।
- कथा वर्ड फाइलमा मात्र पठाउनुपर्नेछ ।
- प्रतियोगीले कथासँगै आफ्नो छोटो परिचय, सम्पर्क मोबाइल नम्बर र हालसालै खिचिएको फोटो पनि अनिवार्य रूपमा पठाउनुपर्नेछ ।
- छानिएका कथाकारलाई बाह्रखरीले इमेल तथा फोनमार्फत सम्पर्क गर्नेछ ।


कथा पठाउनका लागि :

इमेल : 12kharibooks@gmail.com सम्पर्क : ०१-५९११६५६, ०१-५९११६५१,







१९ औं लघुकथा दिवसको अवसरमा आयोजना गरियो, पूर्णप्रसाद ब्राह्मण लघुकथा पुरस्कार - २०८३
१९ औं लघुकथा दिवस समारोह सम्पन्न कार्यक्रममा पूर्णप्रसाद ब्राह्मण लघुकथा पुरस्कार - २०८३ कथाकार अल्प विरामलाई प्रदान गरियो ।

## माहिला साहिलाको पसिना सधैं कतारमा

चर्किएको बाटा भरी पाईला कति गन्दै हिड
अन्जानको भीडमा परे मूर्ख कति भन्दै हिड
सकेर के विगाऱ्यौ खै आफै भित्र जल्छौ भने
चैत्र मासको खडेरीमा हाँच्ने कति भन्दै हिड ।

**- डा.उत्तम खनाल**



मान्छेलाइ कुनै दिन समस्याले घेर्न सक्छ
जिन्दगीको मोडमा अँध्यारोले बेर्न सक्छ
सबै थोक छ भन्दै घमण्ड नगर्नुहोस् महोदय,
घोच्ने बेलामा काँडाले धनी गरीब नहेर्न सक्छ ।

**- सुष्मिता शर्मा, असम**



उसैले डर जन्माउँछ मान्छे आफैले मान्छ पिर
छट्पटी हुन्छ  बिरामी पर्छ सुकेर ज्यान झिर
उसैले रच्छ झाँक्री र लागो, मसान उसकै मन
फर्केर फेरि सुल्टरी हेर बिग्रेको कता तिर ।

**- गुरूदत्त ज्ञवाली**



बिर्सेको थिए फेरि याद दिलाएर गयौ,
तिमीले अमृत भनि बीस पिलाएर गयौ,
के को थियो र तिमीसँग मेरो दुश्मनी,
संजाय दिलाउन सेटिङ मिलाएर गयौ ।

**- अर्जुन अधिकारी**



सिन्को नभाँचि खाइखेली मस्त वनको लङ्गुर छ
अहोरात्रको  दौडधुप बस्तीमा कामको डङ्गुर छ
म र मेरो त्यागेर हेर सन्मार्ग खुल्नेछन् सहजै तिम्रा
तृष्णाको भारी निरन्तर जीवन चाहीँ क्षणभङ्गुर छ ।

**- गणेश लोहनी**



एकचोटि त देश बचाउन तरवार उठाउनै पर्छ
देश बचाउन अब घरपरिवारलाई जुटाउनै पर्छ
तब मात्र भनेजस्तो अब कसो नबन्ला र यहाँ
दुश्मनहरूलाई फूलकै धारले रेट्दै कुटाउनु पर्छ

**- कवि केशरी**




## काठमाडौंलाई महासागरको पानी



*अरूणबहादुर खत्री*

यात्रा साहित्य विश्व साहित्यमै लोकप्रिय विधाको रूपमा मानिन थालिएको छ । सभ्यता र संस्कृति जीवन र जगत्को अनुभव र अनुभूतिका कारण नियात्राका पाठक बढेर असाहित्यिक वर्गमा पनि प्रभावकारी बन्दै गएको छ । यही कारण अन्य विधामा हात हालेका स्थापित लेखकहरू पनि यस विधाप्रति आकर्षित भइरहेका छन् । वियोगी बुढाथोकी नेपाली साहित्यको काव्य विधामा सुपरिचित नाम हो । कविता, गजल र मुक्तकका क्षेत्रमा उनले ख्याति कमाएका छन् । काठमाडौंलाई महासागरको पानी कवि एवं नियात्राकार वियोगी बुढाथोकीको २०८० सालमा पछिल्लो कृतिको रूपमा प्रकाशित भएको छ । यस कृतिभित्र विदेशको फन्कोभित्र काठमाडौंलाई महासागरको पानी, फरकफरक समयको फेरो, होबार्टबाट बिहानको मुस्कान, ब्रनी आइल्याण्डमा झुलुक्क, सीमसारको चिसो पानी लगायत विभिन्न शीर्षकको २५ वटा नियात्राहरू छन् । स्वदेशको चक्करभित्र कुशादेवीदेखि लाकुरीभञ्ज्याङससम्मको यात्रा, अविस्मरणीय यात्राको झझल्को लगायत विभिन्न शीर्षकका ४ वटा नियात्रा राखिएका छन् । नियात्राकार वियोगी २०७८ चैत मसान्तदेखि २०७९ भदौ मसान्तसम्मको अस्ट्रेलिया पुग्दाको बारेमा यसभित्र लेखिएका छन् । यस अवसरमा त्यहाँका मुख्यमुख्य पर्यटकीय तथा अन्य मनोरमस्थल चहार्ने मौका पाएर खुशीले गद्गद भए । उनले यस भ्रमणलाई गुमनाम गर्न चाहेनन् र अष्ट्रेलिया भ्रमण गर्दाखेरीका बारेमा नेपाल फर्किएपछि अक्षरमा लिपिबद्ध गर्न चाहे र नियात्रा सङ्ग्रह निकाल्न सफल भए ।




काठमाडौंलाई महासागरको पानी शीर्षकभित्र मातृभूमिलाई उच्चशिरमा राखेर कुरा गर्दा पानी नै पानीको गहना पहिराएर नीलो बग्ने गण्डकी, कर्णाली र कोशी नामै काफी छ । देशकै प्रतिनिधि ठान्दा फरक पर्दैन भनिएको छ । फरकफरक समयको फेरो शीर्षकभित्र खै कताबाट हो, यात्रामा मनकारी र यादगारमूलक जानकारीहरू मस्तिष्कको खुला चौरमा समयमै सिँगौरी खेल्न आइपुगे, मन जिते र यतै बसे । अनुभूतिको कुटुरो गतिले बाँधे भनेर वियोगीले लेखेका छन् । अष्ट्रेलिया विश्वको एउटा छुट्टै महादेश हो । यस अर्थमा वियोगीले पाँच महिनाको अवधिमा विश्वको एउटा महत्वपूर्ण सिङ्गो महादेश नै भ्रमण गर्ने सुनौलो अवसर पाए । यस अवसरको उपलब्धताका लागि उनले छोरीहरू एकता र अमिता, छोरो नेविस बुढाथोकी र ज्वाइँहरू बुद्धि रायमाझी, डा. दिनेश थापा लगायत सबैलाई धन्यवाद दिन भ्याए नै । त्यस भ्रमणको बारेमा नेपाली साहित्यप्रेमीहरूलाई काठमाडौंलाई महासागरको पानी नामक नियात्रा सङ्ग्रह निकालेर पढ्ने अवसर दिए ।

उनको यो कृति अष्ट्रेलिया भ्रमणका अनुभूतिहरू सँगालेर तयार पारिएको छ । नियात्राका आफ्ना केही विशिष्टता हुन्छन् । नियात्रा यात्राका अनुभूतिहरू जोडेर तत् ठाउँको वर्णन र विवरणलाई कलाका माध्यमले शब्दमा खिचेर साहित्यिक रूपमा व्यक्त गरिने संयुक्त विधा हो । बुढाथोकीले अष्ट्रेलियाका धेरै ठाउँहरूको भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्था समेतको विवरण प्रस्तुत गरेर कृतिको उचाई बगेका छन्  । आँखाले पढेको हृदयभन्दा मनले भेटेको शब्द बढी प्रभावकारी हुन्छ यात्रामा । प्रस्तुत नियात्राकृति स्रष्टाले देखेको भोगेको यथार्थ पनि हो । प्रस्तुत कृतिमा स्रष्टा बुढाथोकीले आफूले देखेको, भोगेको र अनुभूति गरेको यथास्थितिलाई प्रस्तुत गरेका छन् । साथै यस सङ्ग्रहभित्रका जीवनबोध, जीवनको मौलिक परिभाषा र जीवनको कटु सत्यसँग आत्मसात पाइन्छ ।

काठमाडौंको काठमा जन्मनुको अर्थमा यतै आफ्नै जन्मस्थल छेउछाउमै त छन् शिवपुरी, फुलचोकी, चन्द्रागिरि, लाकुरीभञ्ज्याङ, सुन्दरीजल, चम्पादेवी, ककनी र नमोबुद्ध । यतै नजिक पुगेझैं उनले अनुभूति सँगाले, बटुलेका थिएँ बिदेशको यात्रामा पनि । जहाँ पुगेपछि कतिपय ठाउँबाट हिमालय शृङ्खलाको अवलोकन गर्न पुगेको यथार्थले यताकै झल्को दिन्थ्यो उनलाई ।

महासागरमा दश घण्टा शीर्षकभित्र उडन्ते मन कता पुग्छ, कता पुग्छ थाहा छैन । चङ्गाझैं उड्छ । पहिला-पहिला हाम्रोतिर चङ्गा लडाउँदा मिलेको झैं खुशी अहिले छैन । तर, चुडिँदाचुडिँदै पनि चुडिँदैन चङ्गाको यात्रा फर्किएर आउँछ । नीलो पानीमाथिको यात्रा निरन्तर चल्छ । लामो दश घण्टाको अत्यासलाग्दो यात्रा भनेर वियोगीले लेखेका छन् । बिदेशको यात्रा कता जाने, के गर्ने दैनिक खोजको विषय बन्छ नियात्राकारलाई । मेलबर्न सिटीमा गाडी पार्किङको अवसर पाउनु पनि भाग्यमानी मान्नुपर्छ । बन्न त पार्किङका लागि आठ-दश तल्ले भवनहरू आवश्यक मात्रामा बनेका छन् । सःशुल्क गाडी पार्किङको सुविधा छ भनेर स्तब्ध यात्राको पीडा शीर्षकभित्र उनले लेखेका छन् ।

स्कटल्याण्ड र अष्ट्रेलियामा हाइकिङका लागि के बृद्ध, के युवा, के बालक सबै खाले उमेरकाहरू रहरलाग्दो गरी यात्रामा लागेको देख्दा अत्यधिक इर्ष्या जाग्दोरहेछ । नियात्राकारका लागि प्रायः स्थानहरू नयाँ र नौला थिएँ । हाम्रै देशका टाढाको किन ? नजिकै अर्थात् काठमाडौं छेउछाउका रमणीय स्थलको यात्राका सिलसिलामा ती यात्रा सम्झनामा बारम्बार आइहाल्छन् नियात्राकारलाई ।

नियात्रा साहित्य पछिल्लो समय नेपाली साहित्यमा धेरै लेखिने विधामध्ये पर्छ । नियात्रा कृतिको चाङ्मा अर्को नियात्रा कृति थपिनु साहित्यमा दृष्टिले त्यति महत्वपूर्ण होइन तर त्यो नियात्रा कृतिले ल्याएको पृथकता र स्तरियताले भने समग्र नेपाली साहित्यकै लागि महत्वपूर्ण स्थान राख्छ । नियात्राकार वियोगीको यस नियात्राकृतिले पनि परम्परित  नियात्रा लेखनभन्दा पृथक् रहेर केही नविन प्रयोगहरूलाई आत्मसात् गरेको छ । नियात्राकार स्वयम् नियात्राको नायक हुने हुनाले नियात्राकारको वैयक्तिक स्वभाव र रूचिको प्रभाव नियात्रामा पर्नु स्वाभाविक नै हो । आजको समयमा यात्रा बृत्तान्तका लेखहरू निकै देखिन थालेका छन् कतै निबन्धको रूपमा भेटिन्छन् भने कतै घुमन्ते कथाको रूपमा । पाठक आफूले नटेकेको ठाउँ, आफ्नो आँखाले नदेखेको दृष्य लेखकको वर्णनवाट त्यहाँ पुग्न सक्ने र देख्न सक्ने रहेछ । सबैले सबै ठाउँ घुम्ने र देख्ने कुरा पनि सम्भव   हुँदैन । त्यसैले यात्रा वृत्तान्त पढ्दा आफैं त्यो ठाउँ पुगेजस्तो लाग्नु स्वाभाविकै हो ।

यात्राले पाठकलाई त्यहि पुऱ्याउन सकिने गर्भिलो भावना उमार्दो रहेछ । यात्रा बृत्तान्तको बियोगीको यो चौथो कृति हो । नेपाली साहित्यको निबन्ध विधामा पर्ने यो यात्रा वृत्तान्त सबै पाठकले पढ्नै पर्छ । यसमा लेखकको आफ्नै अनुभूति स्वाद छ उनको निजी भावना जतातते छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् । यात्राहरू पेचिला र पुष्टकारी प्रतीत छन् । अन्त्यमा समग्र रूपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ । यस्तै अन्य कृतिहरू पढ्न पाइरहने अपेक्षा गर्दछु ।

कृतिः काठमाडौंलाई महासागरको पानी   प्रकाशकः शब्दघर छापाखाना, काठमाडौं
संस्करणः प्रथम, २०८०   मूल्यः रू.५५०।-   पृष्ठः २००




**सम्पादक/प्रकाशक** — **राजन कार्की**
**Editor/Publisher** — **Rajan Karki**

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




# प्रतिपक्षलाई बढेको छटपटी

प्रम बालेनलाई संसद, सडक, सामाजिक सञ्जालमा जतिसुकै बिरोध गरे पनि, राजीनामा मागे पनि, मार्ग प्रशस्त गर्न भने पनि बालेनले एक कानले सुनेर अर्को कानले उडाइदिएका छन् । प्रतिपक्षीको हल्का बिरोधका कारणले बालेन झन झन शक्तिशली बन्दै गएको अनुभव सबैले गर्न थालेका छन् ।

यथार्थमा जबसम्म प्रधानमन्त्री बालेन साहले घूस खाँदैनन्, भ्रष्टाचारमा सामेल हुँदैनन्, तवसम्म बालेन साहको बिरोध गर्नुको कुनै अर्थ हुनेछैन । स्वयम् बालेन साहले भनेका छन्- म घूस खान्न, मेरो बिरोध गरेर मलाई कसैले हल्लाउन सक्नेछैन । हो, सत्य यही हो । निश्चित रूपमा बालेन सरकारले काममा छरितोपन ल्याउन सकेको छैन । भ्रष्टाचारको लत बसेका कर्मचारीहरूले लुकीछिपी, ढाँटछल गरेर घूस खाइरहेका पनि छन् । तर पहिलेजस्तो सेटिङ मिलाएर, खुले आम भ्रष्टाचार भएको छैन । यद्यपि बालेन सरकारले यति चनाखोपूर्ण तरिकाले सुशासनका लागि जग बसालिरहेको छ कि कर्मचारीतन्त्रमा घूस खान तीनपल्ट सोच्नुपर्ने स्थिति छ । कतिपय भ्रष्ट कर्मचारीहरूले त भ्रष्टाचार गर्न नपाएको र भ्रष्टाचारमा मुछिने भयले राजीनामा दिएर पन्छिन पनि थालेका छन् । सवाल के हो भने बालेन साह सरकारको भयले भ्रष्टाचारमा कमी आएको छ । भ्रष्टाचार केन्द्रीय सरकारमा भन्दा पनि संघ र पालिकास्तरमा बढी भइरहेको छ । राजनीतिक भ्रष्टाचारकै कारण संघी सरकारहरू ७ वर्षमा सात सात पल्ट सरकार परिवर्तन गर्न पुगेका छन् । त्यसै पनि जनताको नजरमा संघ भनेको भार हो । विकासको बजेट राजनीतिक नेता र कार्यकर्ताको पालनपोषणमा र तिनले गर्ने विकासका काममा भ्रष्टहरूलाई पोस्नका लागि हो भन्ने प्रमाणित भइसकेको छ । तथापि संघीयता खारेज गर्नहुन्न भन्ने पार्टीको आवाज उठिरहेका छन् ।

संघ किन चाहियो ? हिन्दुराष्ट्र र राजतन्त्रले किन कसैको टाउको दुखाई भइरहेको छ ? संविधान संशोधनमा सबैभन्दा ठूलो राजनीतिक मुद्दा नै यही हो । यही मुद्दालाई थाँती राख्न र आफ्नो भ्रष्ट चरित्रको भण्डाफोर नहोस्, पुनः आफ्नै शासनसत्ता चलोस् भनेर प्रतिपक्षीहरूमा छटपटी बढेको हो । किन प्रतिपक्षी दलहरू बुझ्दैनन् कि जनताले ५ वर्षका लागि नयाँ पुस्तालाई सत्ताको बागडोर सुम्पिसकेका छन् । यो सत्य नबुझेर, ५ वर्ष नयाँ पुस्तालाई काम गर्न दिएर हेर्न जनताको आदेशलाई अवमान्ना गर्ने पुराना दलहरू फेरि पनि जनताको आक्रोशको सिकार बन्नसक्ने देखिन्छ । बुद्धि पुऱ्याएर जनादेशको सम्मान गरेर पुराना दलहरूले नयाँ पुस्तालाई राय सुझाव दिएर काम गर्न प्रोत्साहन दिनुपर्ने हो । त्यो काम गर्नुको साटो कसरी नयाँ पुस्तालाई खुइल्याउन सकिन्छ भनेर प्रम बालेन साह र रास्वपाको खुट्टा तान्न न्वारानदेखिको बल लगाएबाट थाहा हुन्छ- पुरानालाई निकै छटपटी छ । सत्ता र शक्ति गुमेको र जनताले निन्दा गरेकोमा उनीहरूलाई सही नसक्नु भएको छ । कतै पुरानो पुस्ताको दुर्गति पुनः नदोहोरियोस्, जनता निर्णायक हुन् भन्ने कुरा लोकतान्त्रिक भनिने दलहरूले बिर्सनु दुर्भाग्य हो ।

पुराना दलहरूलाई कसरी गुमेको जनविश्वास पुनर्ताजगी पार्ने भन्ने छटपटी हुनुपर्ने हो । कसरी आफ्नो पार्टी संगठनमा युवापुस्तालाई मनाएर एकढिक्का पार्ने र ५ वर्षपछिको चुनावमा आफ्नो साख बचाउने भन्ने चिन्ता हुनुपर्ने हो । ऐतिहासिक जनादेश पाएको रास्वपा र बालेन सरकारलाई ढाल्न खुट्टा तान्नु भनेको अहिलेको स्थितिमा पहाडलाई कुम ठोकेर भत्काउने दुस्साहस भन्दा केही पनि होइन । सत्य यही हो, यथार्थ यही हो ।

# नेपाल विश्वशक्तिको राडारको केन्द्रविन्दुमा

नेपाल दुई महाशक्ति भारत र चीनवीचको जिवन्त साँघु हो नेपाल । रास्वपा र प्रम बालेनले सम्बन्धमा सुधार गर्न नसकेको र राष्ट्रघात गरेको भनेला महिनौंदेखि यो साँघु भूराजनीतिमा ठक्कर खाँदै महाशक्ति निर्भर हुनपुगेको भाष्य परम्परागत पार्टीहरू नेपाली कांग्रेस, एमाले, नेकपाले प्रचार गरिरहेका छन् ।

शीतयुद्धका समयमा नेपालले असंलग्न परराष्ट्रनीति अपनायो, त्यही अनुसारको आफ्नो परिचय बनायो । सन्तुलनको नीतिले नेपाललाई स्वराज कायम गर्न सघायो पनि । महाशक्तिहरू पनि नेपालको सन्तुलनमै थिए । समयक्रममा २०४६ सालमा बहुदल पुनर्स्थापना भयो र नेपाली दलहरू भारतनिकट हुनपुगे । प्रजातन्त्रवादीसँगसँगै कम्युनिष्टहरू पनि जाज्वल्यमान हुँदै गए र चरमपन्थी र नरमपन्थी कम्युनिष्टहरूको शासन बेहोर्दै चीनतिर बढी ढल्कन पुग्यो । बालेन सरकारमाथि पश्चिमा प्रभाव र दबाब रहेको र उतैको शरणमा परेको आरोप विपक्षीहरूले लगाएता पनि यो सरकार कतातिर ढल्केको भनेर कसैले पनि अहिलेसम्म प्रष्ट पार्न सकेका छैनन् ।

विश्वशक्तिवीचको प्रतिस्पर्धा, बिस्तारै विश्वराजनीतिमा प्रतिस्पर्धा बढ्न थाल्यो । जसले गर्दा नेपाललाई आफ्नो सन्तुलन नीतिमा ढलपल हुनबाध्य पारेको देखिन्छ । बिगतको सरकारले युक्रेनको पक्षमा बोलेकोले पनि नेपाल ढूलमूल नीतिमा पुगेको देखिन्छ । तर बालेन सरकार असंलग्नतामै अड्नुपर्ने र अड्ने अहिलेसम्मको बिधि व्यवहारले देखाएको छ । प्रष्ट हुन, केही अरू केही समय कुर्नैपर्ने छ ।

यो शताब्दीमा अमेरिका, चीन, भारत र युरोपियन युनियन तथा रूसजस्ता शक्तिहरूका सामु नेपाल भूमिका र अस्तित्वगत संकटको जालोमा फस्दै गएको देखिन्छ । चीनको बीआरआई, अमेरिकाको एमसीसीजस्ता योजनालाई नेपालले नकार्न सक्ने थिएन, नकारेको पनि छैन । नेपाल न भारत विरूद्ध चीनलाई, न चीन विरूद्ध भारत अथवा अमेरिकालाई आमन्त्रण गर्न सक्छ ? केही विज्ञहरू त, एउटा महाशक्तिसँग आर्थिक सम्बन्ध बिस्तार गर्ने र अरूसँग सुरक्षा र सन्तुलन कायम गर्ने चातुर्यता चाहिने बताइरहेका छन् । नेपाल भने राजनीतिक विवादमै छ ।

ऐतिहासिक रूपमा एउटै पार्टीले बहुमत हासिल गरेको छ । स्थिरता, विकास, शान्ति र सुशासनका लागि ठूलो अवसर हो तर असफल भइसकेका पार्टीहरू जनादेश प्राप्त पार्टीलाई काम गर्न जसरी पनि अल्झाउने मनस्थितिमा देखिनु नेपालको दुर्भाग्य हो । पुरानाले नयाँलाई हातेमालो गरेको भए नेपाल अगाडि बढ्न र प्रजातन्त्र र जनअसन्तुलन सबै संवोधन गर्न सकिने थियो, जुन अभाव भयो ।

केही दक्षिण एसियाका ज्ञाताहरूका अनुसार यो क्षेत्रका राजनीतिक सीमाहरू उपनिवेशवादी विरासत मान्छन् । यद्यपि नेपाल अमेरिकाभन्दा पनि जेठा राष्ट्र हो र कहिले पनि कुनै मुलुकको उपनिवेश भएको थिएन । तर उपनिवेशको दबदबाको इतिहास भएको दक्षिण एसियाका प्रभाव त नेपालमा पर्छ पर्छ । परेको छ । जसको दुर्नियति नेपालले भारत स्वतन्त्र भएदेखि नै भोग्दै आएको दुःख हो ।

भारत र चीनसँग नेपालको राजनीतिक, सांस्कृतिक, सभ्यतागत सम्बन्धको निरन्तरता छ । तथापि भारत स्वतन्त्र भएपछि भारतका मेलिट्री साइन्सका विज्ञहरूले नेपाललाई भारतमा १९५० मै नमिलाएर ठूलो भूल गरेको लेखेका छन् । छिटोभन्दा छिटो त्यो भूल सच्याउनु पर्ने पनि बताएका छन् । सम्भवतः त्यही नीतिअनुसार भारतले नेपालमाथि व्यवहार गर्दै आएको छ । जुन नेपाल भोग्न अभिशप्त रहेको छ ।

समय बदलियो, राजनीतिक र कूटनीतिक धार पनि बदलिदै गएका छन् । सम्बन्ध र राष्ट्र राष्ट्रवीचको आत्मीयताका आधारहरू पनि परिवर्तन भएका छन् । यो समयमा राष्ट्र बचाउन, जिवन्त पार्न कारिगरीता आवश्यक छ । सम्भवतः नेपाली जनताले चुनावमा पुराना पुस्ताका नेतृत्वलाई किनारा लगाएर नयाँ नेतृत्व त्यही आवश्यक कारिगरिताका लागि चयन गरेको हुनसक्छ । नयाँ पुस्ताको नयाँ सोच र नयाँ युगको आवश्यकताअनुसारको नीति परिपूर्ति हुनसक्छ । चुनावमा, राजनीतिमा, नेतृत्वमा परिवर्तन आएको छ, राज्यकलामा पनि परिवर्तन देखिदैछ । पहिलोपल्ट नेपालका प्रधानमन्त्रीले विदेश भ्रमणलाई महत्व दिएनन् । विदेश भ्रमणमा जानुपर्ने अवस्था आयो भने फोटो सेसनका लागि जान्न भन्दै जुन मुलुकमा जाने हो, ती मुलुकसँगको सम्बन्ध, समस्या लगायतका यावत विषयका एजेण्डा तय गरेर मात्र संवादका लागि प्रस्तुत हुने बताए । यो हो, ढाडमा हाड भएको नेता ।




तथापि कतिपय समयमा कमजोर राष्ट्र भएकै कारण झुक्नुपर्ने, नरम हुनुपर्ने स्थितिको सिर्जना पनि हुनेछ । इतिहासदेखिको बिरासतमा आर्थिक महाशक्ति हुन् भारत र चीन । त्यसमाथि विश्वशक्ति संघर्षका कारण अमेरिका नेपाल प्रवेश गरेको छ । रूस र युरोपियन युनियन पनि नेपालमा उपस्थित छ । यी सबै शक्तिहरूसँग सन्तुलन मिलाएर अघि बढ्न र देशहितमा उभिन ठूलै चुनौती रहेको छ । केही विश्लेषकको निष्कर्ष छ- नेपाल महाशक्तिहरूबीचको बफर सटेट होइन, दुई महान सभ्यताहरूलाई एकीकृत गर्ने किन-स्टेट हो । महाशक्तिको प्रवेशले नेपालको गरिमा र महिमा झन बढेको छ, जसलाई बेहोर्न नेपालको क्षमता विकास हुनुपर्नेछ ।

नेपाल सानो छ, तर आँखोजस्तो छ । सभ्यताको मिलनविन्दु, शक्ति प्रतिस्पर्धाको केन्द्रमा छ नेपाल । जति जति भारत र चीनले विकासमा फड्को मार्दैजानेछन्, नेपाल विश्वशक्तिको राडारको लक्ष्यमा रहनेछ । नेपालको राजनीति सवल भयो, कूटनीति कति सवल, कति दुर्वल त्यसको मापन सुरू भइसकेको छ ।

हिजोसम्म कहिले यता ढल्को, कहिले उता मल्को खालको राजनीतिक नेतृत्व थियो । जसका कारण नेपाली नेताहरूलाई एकदोस्रा मुलुकको काखमा खेलेको, उफार्दा उफ्रेकोजस्ता लाञ्छना लगाएको बिगत पनि छ हाम्रो । राजतन्त्रको समयको जस्तो संयम, बुद्धिमत्तापूर्ण, सम्मानित र पत्यारिलो व्यक्तित्व निर्माण नेपालको वर्तमानको खाँचो हो । पत्यारिलो छिमेकी सम्बन्ध, विश्वासिलो मित्रराष्ट्रहरूसँगको मैत्रीभाव बनाएर आफ्नो र क्षेत्रीय शान्ति तथा स्थायित्वमा योगदान पुनः स्थापित गर्न सक्नु भनेको नेपालको स्खलित भइसकेको बिगतको ओजन आर्जन गर्नु हो । २०४६ सालपछि मैनबत्ती पग्लेजसरी पग्लेको नेपालको व्यक्तित्व अहिले आएर अमेरिकी राष्ट्रपति डानाल्ड ट्रम्पले खुलेआम फ्रडहरूको देश भनेर आक्षेप लगाएका छन् । हुन पनि नेपाली नेताहरूले भुटानी शरणार्थी बनाएर पनि नेपालीलाई बेचेको घटनाले त्यो आक्षेप सही मान्नुपर्ने छ । नेपाल अपराधशालाजस्तो बनाउने पनि बिगतकै बहुदलीय र गणतन्त्रका नेताहरू नै हुन् । लोकतन्त्रलाई लूटतन्त्र बनाएकाले पनि नेपालको विश्वमा इज्जत घट्दै घट्दै जानुको अर्को कारण हो । न्यजिलेण्डका एक मन्त्री नेपाल भ्रमणमा आएर फर्कदा भनेका थिए, नेपाल स्वर्गको एक टुक्रा हो । नेपालमा सबै छ, इमान छैन । नेताहरूमा नीति र सिद्धान्त छैन । नेपाली नेताहरूले इच्छाशक्ति देखाउने हो भने नेपाल विश्वको केन्द्रविन्दु बन्नसक्छ ।

हो, अब नेपालले आन्तरिक राजनीतिलाई विश्वको नजरमा बिस्तार गरेर घृणा जन्माउने होइन । कूटनीतिलाई सवलतापूर्वक कार्यान्वयन गर्नुपर्छ । कूटनीति जति सवल भयो नेपालको विकास, शान्ति र सुशासन सबैतिरका आयामहरू व्यवस्थित र बिस्तार हुदै जानेछन् । यसतिर बालेन सरकार र रास्वपाले सोच्नुपर्छ ।

विश्व जगत तनावमा छ । युद्ध भइरहेका छन् । मानवाधिकार दयनीय स्थितिमा बदलिएका छन् । कुटनीति माइट इज राइट बन्नपुगेका छन् । द्वन्द्व बढ्दा सम्बन्ध, सम्पर्क, सामरिक र कूटनीतिक दायराहरू समेत जटिल मोडमा पुगेका छन् । यो स्थितिमा नेपालजस्ता साना मुलुकको हैसियत र सम्बन्ध खुम्चिनु स्वभाविक हो । नेपाल भारत, नेपाल चीन सम्बन्धमा पनि यसको दुस्प्रभाव परेको छ । यसकारण राजनीतिक दलहरूलाई साथमा लिएर अघि बढ्नु रास्वपा र बालेन सरकारको आवश्यकता हो । बहुमत छ भनेर एकांकी बनेर अघि बढ्नु भनेको अहंकार हुनजानेछ । त्यसकारण दलमुखी होइन, देशमुखी, वर्तमानभन्दा पनि भविष्यमुखी कूटनीति नेपालको लागि जरूरी छ । यसका लागि राष्ट्रिय बहस र विज्ञहरूको सुझाव लिएर आफ्ना नीति कार्यक्रम अघि बढाउँदा बालेन सरकार र रास्वपा सफल हुनेछन् । नेपाल विश्वशक्तिको राडारमा छ भन्ने नभुलुन् ।









# भारत के चाहन्छ नेपालसँग




भारतका स्थल सेनाध्यक्ष धीरज सेठ मानार्थ महारथीको दर्ज्यानी चिन्ह ग्रहण नेपालको ४ दिने भ्रमणमा आए, नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधामन्त्री, प्रधानसेनापतिसँग भेटवार्ता गरेर फर्केका छन् ।

सरसर्ती हेर्दा नेपाल भारतवीच सन १९५० देखि एकअर्का देशका सेनाप्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गर्ने निरन्तरको परम्पराजस्तो देखिन्छ । तर यसपटकको भारतका सेनाध्यक्षको नेपाल भ्रमण नितान्त त्यो परम्परा कायम राख्नमात्र भएको छैन भन्ने कूटनीतिक विज्ञहरूको निष्कर्ष छ ।

भारतका सेनाध्यक्षलाई राष्ट्रपति डा.रामवरण यादवले मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गरे । सेनाध्यक्षले प्रधानमन्त्री तथा रक्षामन्त्री बालेन साहसँग भेटवार्ता गरे । भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तव पनि साथैमा थिए । यसका साथै भारतीय सेनाध्यक्षले नेपालका प्रधानसेनापतिसँग शिष्टाचार भेट गरेका थिए । नेपाल भारतवीचको सम्बन्धमा सैनिक सम्पर्क र सैनिक कूटनीतिका लागि यो परम्परालाई महत्वका साथ हेर्ने गरिएको छ ।

राजनीतिक र कूटनीतिक रूपमा जब जब नेपाल भारतवीच तिक्तता आउँछ, पटक पटक भारतले नेपालमाथि नाकावन्दी पनि लगाउने गरेको छ, त्यस्तो बेलामा सैनिकस्तरको सम्बन्ध र सैनिक कुटनीति निर्णायक हुने गरेको इतिहास छ । नेपाल र भारतको सैनिक सम्बन्ध सदैव सौहाद्रतापूर्ण रहनुको कारण पनि यही हुनसक्छ । यसपल्ट भारतका सेनाध्यक्ष आउनु अघि नेपालका प्रधानमन्त्री बालेन साहलाई भारतको निम्तो आएको थियो, त्यसको स्मरण गराइएको छ । भारतका विदेश सचिवले प्रम बालेन भेट्न नपाउने भएपछि भ्रमण रोकिएको थियो । लिपुलेक, कालापानीमा भारतीय अतिक्रमणमा नेपालले तेश्रो देशको मध्यस्थता खोज्ने विषयमा पनि भारत नाखुस रहेको थियो । यसैवीच प्रम बालेन साहले फोटो सेसनका लागि भारत भ्रमण नगर्ने, पहिले वार्ताको एजेण्डा तय हुनुपर्ने भनेका थिए । नेपाल र भारतवीच लेनदेन, सीमा, आयात निर्यातलगायतका अनेक समस्याहरू छन्, प्रम बालेन साह आफ्नो भ्रमणमा सबै सल्टाउन चाहन्छन् ।

भारतले अग्निपथमार्फत गोर्खा भर्ती खोल्न चाहेको पनि देखियो । लामो समयदेखि अग्निपथ बारे नेपाल र भारतवीच मतभिन्नता रहदै आएको छ । शायद अब भर्ती खोलिनेछ । भर्ती खोल्नका लागि पोखरामा नेपाली युवाले प्रदर्शन समेत गरेका थिए ।

छिमेकी फेर्न सकिन्न भन्ने सत्य बुझेर नेपालले उत्तर दक्षिण दुबै विशाल मुलुकवीच सन्तुलनको सम्बन्धको सेतुका रूपमा आफूलाई उभ्याउन जरूरी छ । शायद त्यसैका लागि प्रम बालेन कार्यरत छन् ।




विश्व आर्थिक मञ्चका अनुसार, गिग अर्थतन्त्र भनेको एउटा प्रणाली हो जसमा सेवा प्रदायकहरू र ग्राहकहरू छोटो अवधिका कार्यहरूको लागि डिजिटल प्लेटफर्महरू मार्फत जोडिएका हुन्छन्, र प्रत्येक कार्यको प्रदर्शनको आधारमा भुक्तानी गरिन्छ। नेपालमा गिग कामदारहरूलाई सामान्यतया स्वरोजगार मानिन्छ। तिनीहरू दुवै प्रकारका सेवाहरूमा सक्रिय छन्:-

- वेब-आधारित गिग काम - जस्तै सामग्री लेखन, डेटा विश्लेषण, डिजिटल मार्केटिङ, र सफ्टवेयर विकास। स्थान-आधारित गिग काम - जस्तै ड्राइभिङ, खाना डेलिभरी, घर मर्मत, र सौन्दर्य सेवाहरू, पठाओ, याङ्गो र इनड्राइभ्स कम्पनी जस्ता एपहरू मार्फत समन्वय गरिएको। गिग कामलाई प्राय: लचिलो र स्वतन्त्र रूपमा वर्णन गरिएको छ, परम्परागत ९-देखि-५ दिनचर्याबाट मुक्त। यो मोडेल नेपालका शहरहरू र महानगरहरूमा बढ्दो रूपमा सामान्य भएको छ।

आंशिक रूपमा कुनै परियोजना तथा समय विशेषमा निश्चित पारिश्रमिक लिने गरी नेपालमा मात्र होइन, विश्वभरि नै मानिसहरू विभिन्न काममा यसरी आबद्ध भएका छन् र यस्ता कामलाई 'गिग काम' भन्ने गरिएको छ र यस्तै गिग कामले व्याप्त हुने आर्थिक अवस्थालाई 'गिग अर्थव्यवस्था' भनेर बुझ्न सकिन्छ । (जस्तै, सवारी-साझेदारी, खाना डेलिभरी, स्वतन्त्र डिजाइनिङ, आदि)।

वास्तवमा कुनै कलाकारलाई केही समयको अभिनयका लागि अथवा कुनै गीतकारलाई कुनै गीत लेखाउन वा कुनै संगीतज्ञलाई संगीत सृजना गराउन निर्धारित पारिश्रमिक दिने गरी निश्चित समयका लागि अनुबन्ध गरिन्छ भने त्यसलाई कलाकारिताको क्षेत्रमा 'गिग' भनिन्छ । पछि कालान्तरमा यस्तो प्रचलन कलाकारिताका अतिरिक्त अन्य पेशा/व्यवसायमा समेत विस्तारित भयो। पछि जुनसुकै क्षेत्रमा भए पनि यस्तो आंशिक रूपमा सेवा खरीद गर्ने चलनलाई 'गिग अर्थव्यवस्था'को रूपमा बुझिन थाल्यो । 'गिग काम' र 'गिग अर्थव्यवस्था' मा आबद्ध हुने जनशक्तिलाई चाहिँ 'गिग-जनशक्ति' भनेर परिभाषित गर्ने गरिएको छ । अहिले विश्वमा करीब ६ करोड व्यक्ति गिग-जनशक्तिका रूपमा रहेको अनुमान छ । गिग अर्थव्यवस्थाका फाइदा र बेफाइदाका दुवै पक्ष छन्। 'काममा लचकता' गिग अर्थव्यवस्थाको सबैभन्दा महत्त्वपूर्ण फाइदाजनक विशेषता हो। आफ्नो अनुकूलतामा आफूले चाहेको माध्यमबाट आफूले निर्धारण गरेको पारिश्रमिकमा सेवा दिन सकिने भएकाले गिग-जनशक्तिको दृष्टिकोणमा यस्तो व्यवस्थाको 'लचकता' वरदान नै सावित हुनसक्छ। धेरैजसो अवस्थामा गिग-जनशक्तिले कार्यालयमा नगई आफ्नै घरबाट समेत यस्ता सेवा दिनसक्ने सहुलियत पाउँछन्। त्यसैले 'गिग व्यवस्था'ले कार्य-जीवन सन्तुलन कायम गर्न मद्दत गर्ने कुरामा सन्देह छैन।

गिग व्यवस्थाको अर्को महत्त्वपूर्ण फाइदा भनेको आत्म-स्वतन्त्रता पनि हो। कुनै गिग-जनशक्तिले आफूले वहन गर्नुपर्ने जिम्मेवारीका लागि कुनै अर्को व्यक्तिमा निर्भर हुनु नपर्ने र आफ्नो काम आफूले चाहेको तरीकाले चाहेको समयमा सम्पन्न गर्न पाउने स्वच्छन्दताको सुन्दर अवसर यसले प्रदान गर्छ। गिग-जनशक्ति माथि उल्लेख भएझैँ आफ्नो समय र दक्षताअनुरूप संलग्न हुने भएकाले सेवा लिने कम्पनीहरूप्रति उनीहरूको प्रतिबद्धता सीमित मात्र हुने गर्छ, जसले गर्दा त्यस्ता जनशक्ति कुनै कम्पनीप्रति असन्तुष्ट भएमा तुरुन्तै त्यसबाट अलग्ग रहन स्वतन्त्र हुन्छन्। अनुकूलता र इच्छाअनुरूप संलग्न हुन पाइने भएकोले गिग-जनशक्तिहरू कुनै एकै प्रकारको कामको कारण विरक्तिनु पर्ने अवस्थाको सृजना हुँदैन।

यति भए तापनि गिग व्यवस्थामा गिग-जनशक्तिहरूका लागि सबै कुरा फाइदाजनक मात्र छन् भन्न सकिँदैन। आखिर जतिसुकै मेहनत गरे पनि यस्तो जनशक्तिको आम्दानी काम गरेको बेलामा मात्र प्राप्त हुने भएकाले स्थायी प्रकृतिका जनशक्तिहरूले जस्तो दीर्घकालीन प्रकृतिका सुविधाहरू उनीहरूले प्राप्त गर्दैनन् । विशेष गरी उमेर ढल्केपछि र सेवा प्रदान गर्न असमर्थ भएको अवस्थामा उनीहरूलाई व्यावसायिक हेरविचार गर्ने कुनै निकाय/व्यक्ति हुँदैनन्। फेरि सेवापछिको अवकाशकीय सुविधाबाट पनि उनीहरू वञ्चित रहन्छन्। त्यसैले यस्तो अर्थव्यवस्थाको लाभ 'पाखुरीमा दम' रहुन्जेलसम्म मात्र उपभोग गर्न सकिन्छ। फेरि कार्यालय जाने/आउने, साथीभाइहरूसँग सुख-दु:ख आदानप्रदान गर्ने, कर्पोरेट गतिविधिहरूमा सामेल हुने जस्ता 'व्यावसायिक सामाजिकता' बाट पनि वञ्चित हुने हुनाले गर्दा यस्ता जनशक्तिहरूलाई एक प्रकारको दिक्दारी' र एक्लोपनको आभास हुने प्रबल सम्भावना रहन्छ । भविष्यको सुरक्षाप्रति पनि ढुक्क हुन नसक्ने, सधैं राम्रोको खोजीमा दौडिरहनु पर्ने, कामको प्रकृति र पारिश्रमिकमा हुने परिवर्तनका लागि हमेशा तयार रहनुपर्नेजस्ता विविध कारणले 'गिग-जनशक्ति' प्राय: तनावमा रहने प्रबल सम्भावना पनि रहन्छ। गिग अर्थव्यवस्थामा जसरी गिग-जनशक्तिलाई फाइदा र बेफाइदा हुन्छ त्यसैगरी व्यवसाय सञ्चालन गर्ने कम्पनीहरूका लागि पनि यसका आफ्नै फाइदा र बेफाइदा रहेका छन् ।

खास गरी स्थायी प्रकृतिका जनशक्तिलाई समाहित गर्नु नपर्ने र अवकाश कोष, सामाजिक सुरक्षा कोष, सञ्चय कोषजस्ता कामदारको लागि व्यवस्था हुने कोषहरूमा कुनै योगदान गर्नु नपर्ने भएकाले कम्पनीहरूले दीर्घकालीन दायित्व वहन गर्नु पर्दैन। यसलाई व्यावसायिक प्रतिष्ठानहरूको दृष्टिकोणमा गिग अर्थव्यवस्थाको सबैभन्दा महत्त्वपूर्ण फाइदाका रूपमा लिन सकिन्छ।

त्यसै गरी यस्तो परिपाटीमा आफूलाई आवश्यक पर्ने जनशक्ति बजारमा यथेष्ट मात्रामा उपलब्ध हुने हुनाले कम्पनीहरूले तुलनात्मक लाभ हानी विश्लेषण गरी उनीहरूबाट उचित पारिश्रमिकमा उल्लेख्य सेवा प्राप्त गर्न पनि सक्छन्।

त्यति भए पनि कम्पनीहरूको लागि समेत गिग व्यवस्था कुनै न कुनै रूपमा हानिकारक भने छ नै। विशेष गरी स्थायी प्रकृतिका कर्मचारीहरू संलग्न नहुने भएपछि कम्पनीप्रति बफादार जनशक्तिको सर्वथा अभाव हुन्छ। आफ्नो काम सकिएपछि र त्यसबापतको पारिश्रमिक प्राप्त गरिसकेपछि कम्पनीप्रति गिग जनशक्तिको कुनै जिम्मेवारी र जवाफदेहिता नहुने भएकाले कम्पनीहरू जनशक्तिप्रति पूर्ण विश्वासका साथ 'निर्भर' हुन सक्दैनन् । भरपर्दा कर्मचारीको अभाव व्यावसायिक प्रतिष्ठानको दृष्टिमा गिग अर्थव्यवस्थाको नकारात्मक पक्ष हो भन्न सकिन्छ।

समाज र व्यवस्थापनमा प्रभाव:

सकारात्मक प्रभावहरू:

लचिलो रोजगारीका अवसरहरू: कामदारहरूलाई आफ्नो लचिलो घण्टा छनौट गर्ने स्वतन्त्रता हुन्छ। अतिरिक्त आम्दानीको स्रोत: मानिसहरूले आफ्नो मुख्य कामसँगै अंशकालिक काम गरेर आफ्नो आम्दानीलाई पूरक बनाउन सक्छन्। प्रवेशको सहजता: डिजिटल प्लेटफर्महरूले कुनै जटिल भर्ती प्रक्रिया बिना व्यवसाय सुरू गर्न सजिलो बनाएको छ। उपभोक्ता सुविधा: द्रुत र किफायती सेवाहरू (जस्तै अनलाइन डेलिभरी वा ट्याक्सीहरू) आम जनताको लागि पहुँचयोग्य भएका छन्।

नकारात्मक प्रभावहरू:

सामाजिक र रोजगार सुरक्षाको अभाव: स्वास्थ्य बीमा, पीएफ, पेन्सन, र तलब बिदा जस्ता फाइदाहरू उपलब्ध छैनन्। अस्थिर आम्दानी: कामको उपलब्धता र आम्दानी मागको आधारमा उतारचढाव हुन्छ, जसले गर्दा आर्थिक अनिश्चितता हुन्छ। मानसिक तनाव र श्रम शोषण: लामो समय काम गर्ने घण्टा, न्यूनतम ज्यालाको ग्यारेन्टी नभएको र एल्गोरिदममा अत्यधिक निर्भरताले कामदारको शोषण निम्त्याउँछ। कल्याणकारी योजनाहरूबाट विच्छेद: परम्परागत श्रम कानून अन्तर्गत कभरेजको अभावका कारण कानुनी सुरक्षाको अभाव छ।

व्यवस्थापन :

सामाजिक सुरक्षा रूपरेखा: सरकारले गिग कामदारहरूको लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, र पेन्सन योजनाहरू अनिवार्य गर्नुपर्छ। न्यूनतम आय ग्यारेन्टी: प्रति घण्टा वा प्रति यात्रा न्यूनतम ज्याला दर स्थापित गर्नुपर्छ। कर्पोरेट उत्तरदायित्व: प्लेटफर्म कम्पनीहरूले कामदारहरूको काम गर्ने घण्टा नियमन गर्न र उनीहरूको गुनासो सम्बोधन गर्न स्पष्ट संयन्त्र स्थापना गर्नुपर्छ। सीप विकास: गिग कामदारहरूलाई नयाँ प्राविधिक सीपहरू सिक्ने अवसरहरू दिइनुपर्छ ताकि तिनीहरू राम्रो अवसरहरूतर्फ अघि बढ्न सकून्।

गिग कामदारहरूलाई स्वरोजगार मानिन्छ। यो वर्गीकरण प्राय: कम्पनीहरूको लागत घटाउन प्रयोग गरिन्छ। यी कामदारहरूलाई कर्मचारी नमानिने भएकाले, प्लेटफर्महरूले उनीहरूलाई तलब, स्वास्थ्य बीमा, वा पेन्सन लाभहरू प्रदान गर्न कुनै दायित्वमा छैनन्। जान ब्रेमन जस्ता विद्वानहरूले यो स्वरोजगारलाई ज्यालादारी श्रमको लुकेको रूप भनेका छन्। कामदारहरूसँग नियमित कामको मोलमोलाई गर्ने शक्ति र सुरक्षाको अभाव हुन्छ, तर उनीहरूले पूर्ण जोखिम वहन गर्नुपर्छ। वास्तविकतामा, प्लेटफर्मको एल्गोरिदम र मूल्याङ्कनहरूद्वारा उनीहरूको स्वतन्त्रता सीमित छ। अगाडिको बाटो नेपालले डिजिटल उद्यमशीलता र गिग वर्कको द्रुत विस्तारको साक्षी बन्दै जाँदा, नीति निर्माताहरूले सामाजिक सुरक्षा र निष्पक्ष व्यवहारमा गम्भीर कमजोरीहरूलाई सम्बोधन गर्न आवश्यक छ। पहिलो, गिग कामदारहरूको विस्तृत राष्ट्रिय तथ्याङ्क सङ्कलन गर्नु आवश्यक छ। आवधिक श्रम बल सर्वेक्षण जस्ता सर्वेक्षणहरू विस्तार गर्नाले क्षेत्रको जनसांख्यिकी, काम गर्ने घण्टा, आय ढाँचा र क्षेत्रीय भिन्नताहरूको अध्ययन गर्न सकिन्छ। दोस्रो, गिग कामदारहरूलाई केवल ७त्रगयत;स्व-रोजगार७त्रगयत; को रूपमा वर्गीकरण गर्नु पुनर्विचार गर्न लायक छ। प्लेटफर्म एल्गोरिदम, मूल्याङ्कन र कार्य असाइनमेन्टहरूमा उनीहरूको निर्भरताले स्वतन्त्र काम र नियन्त्रित रोजगारी बीचको रेखालाई धमिलो बनाउँछ।

तेस्रो, प्रमुख सुरक्षा उपायहरू लागू गरिनुपर्छ:

- अनिवार्य न्यूनतम ज्याला वा आय सीमा
- एग्रीगेटरहरूद्वारा वित्त पोषित स्वास्थ्य र दुर्घटना बीमा
- तलब बिदा र मातृत्व लाभहरूमा पहुँच
- सामूहिक सौदाबाजी र संघीकरणको अधिकार
- एल्गोरिदमिक पूर्वाग्रह, मनमानी खाता निष्क्रियता, र भेदभावबाट सुरक्षा धेरै रिपोर्टहरूले बताएका छन् कि कामदारहरूको खाताहरू स्पष्टीकरण बिना निष्क्रिय पारिएका छन्, विशेष गरी जब तिनीहरूले असाइनमेन्ट रद्द गर्छन् वा बिदा लिन्छन्। यसले अनिश्चितता र तनाव सिर्जना गर्दछ।

अन्तत:, राज्य र प्लेटफर्म कम्पनीहरू दुवैको संयुक्त जिम्मेवारी छ। प्लेटफर्महरूले भारतको ठूलो र युवा कार्यबलबाट लाभ उठाउँछन्, त्यसैले तिनीहरूले आफ्नो कल्याणमा पनि योगदान पुर्‍याउनुपर्छ। सरकारले कामदार शोषणको खर्चमा प्राविधिक प्रगति नआओस् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ।

# नेपाली कांग्रेस : सङ्कट र नेतृत्वको परीक्षा



श्रीराम श्रेष्ठ

नेपाली काङ्ग्रेस अहिले सामान्य गुटगत विवाद वा सत्ता र पदको प्रतिस्पर्धाभन्दा गहिरो साङ्गठनिक, वैधानिक र वैचारिक सङ्कटबाट गुज्रिरहेको छ। यही परिस्थितिमा सभापति शेरबहादुर देउवालगायत वरिष्ठ नेताहरूको सहभागितामा भएको राष्ट्रिय भेलाले पार्टी विभाजनभन्दा पनि सम्मानजनक एकता, साङ्गठनिक पुनर्संरचना र भावी नेतृत्व व्यवस्थापनको प्रश्नलाई केन्द्रमा ल्याएको छ।

काठमाडौंमा सम्पन्न सम्मेलनले काङ्ग्रेसको आन्तरिक शक्ति-सन्तुलनसँगै आर्थिक-सामाजिक, राष्ट्रिय तथा वैचारिक मुद्दामाथि समेत बहस गर्दै पार्टीको भविष्यबारे स्पष्ट राजनीतिक सन्देश दिएको छ। सम्मेलनबाट अघि सारिएको पाँचबुँदे प्रस्ताव समय-सान्दर्भिक देखिन्छ। बरू १४औँ महाधिवेशनबाट निर्वाचित नेतृत्व र विशेष महाधिवेशनबाट आएका नेतृत्व समायोजन गरी कार्यसम्पादन समिति गठन गर्ने, पुनर्गठित समितिबाट १५औँ महाधिवेशनको कार्यतालिका घोषणा गर्ने तथा क्रियाशील सदस्यताको निरन्तरता सुनिश्चित गर्ने प्रस्ताव गरिएको छ। यसले देउवा पक्षको उद्देश्य तत्काल पार्टी विभाजन होइन, ऐतिहासिक साङ्गठनिक निरन्तरता र नयाँ नेतृत्वबिच व्यावहारिक सन्तुलन खोज्नु रहेको सङ्केत गरेको देखिन्छ। राष्ट्रिय भेला भनेर देशभरबाट आएका नेता-कार्यकर्ताले भेलालाई राष्ट्रिय सम्मेलनमा परिणत गरेका छन्। सम्मेलनलाई केवल शक्ति प्रदर्शन वा विभाजनको पूर्वाभ्यासका रूपमा बुझ्नु उचित हुँदैन। बरू यो सम्मेलन काङ्ग्रेसलाई वैधानिक, समावेशी, गतिशील र एकताबद्ध बनाउने दबाबमूलक राजनीतिक प्रयासका रूपमा हेरिनुपर्छ। सम्मेलनले पारित गरेको पाँचबुँदे प्रस्तावमा सहमति बन्न सके त्यसले काङ्ग्रेसभित्र दीर्घकालीन एकताको नयाँ आधार तयार गर्न सक्छ। देउवा समूहको मूलभूत प्रश्न भनेको विशेष महाधिवेशनबाट निर्मित नयाँ नेतृत्वले १४औँ महाधिवेशनको राजनीतिक तथा साङ्गठनिक विरासतलाई कुन हदसम्म आत्मसात् गर्छ भन्ने हो।

काङ्ग्रेस संस्थापन पक्षको चासो र प्रश्न विशेष महाधिवेशनको साङ्गठनिक वैधता तथा त्यसबाट स्थापित नेतृत्वलाई निरन्तर प्रश्नको घेरामा राखेर पार्टीलाई कसरी गतिशीलता दिन सकिन्छ भन्नेमा केन्द्रित छ। यी दुई परस्पर विरोधी दृष्टिकोणबिच तार्किक र न्यायिक सन्तुलन कायम गर्नु नै विद्यमान सङ्कट समाधानको एक मात्र सेतु हो। सुखद पक्ष के छ भने संस्थापन पक्षले पनि पाँचमध्ये चारवटा प्रस्तावमा लचकता र सकारात्मक सङ्केत प्रदर्शन गरेको समाचार प्रकाशमा आएको छ। पुरानो केन्द्रीय समितिलाई यथावत् गाभ्ने प्राविधिक विषयमा मात्र मुख्य असहमति बाँकी रहनुले समाधान असम्भव छैन भन्ने पुष्टि गर्छ। १५औं महाधिवेशनको कार्यतालिका, महाधिवेशन समिति गठन र क्रियाशील सदस्यतासम्बन्धी विषयमा कायम लचकताले दुवै पक्षलाई सम्मानजनक सहअस्तित्वको निकास खोज्न अनुकूल वातावरण निर्माण गरेको छ। लोकतन्त्र र बहुदलीय राजनीतिक प्रणालीमा दलभित्र फरक विचार, समानान्तर बहस र असहमति हुनु कुनै कमजोरी वा विकृति होइन, बरू असहमति र बहुलवादी मान्यतालाई उचित साङ्गठनिक प्रणालीमार्फत व्यवस्थापन गर्न नसक्नु नेतृत्वको मूल कमजोरी हो। नेपाली काङ्ग्रेसजस्तो गौरवशाली लोकतान्त्रिक आन्दोलनको संवाहक दलमा समानान्तर विचार-विमर्श हुनु स्वाभाविक प्रक्रिया हुन्छ। यदि पार्टीभित्र नेतृत्वको एकाधिकार स्थापित भई आलोचनात्मक चेत, फरक मत र असन्तुष्टिलाई पूर्णत: निरूत्साहित गरियो भने त्यसले काङ्ग्रेसको मूल लोकतान्त्रिक चरित्रलाई नै धराशायी बनाउने जोखिम रहन्छ। तसर्थ, देउवा पक्षले आयोजना गरेको राष्ट्रिय सम्मेलन स्वयम्मा लोकतन्त्रविरोधी अभ्यास होइन, बरू यसले आन्तरिक लोकतन्त्रलाई चलायमान बनाउने र वैकल्पिक विचारलाई संस्थागत गर्ने प्रयास गरेको छ। समस्या त्यतिबेला मात्र उत्पन्न हुन्छ, जब यस्ता सम्मेलन स्थायी समानान्तर साङ्गठनिक ढाँचा वा नयाँ दल गठनको पूर्वाभ्यासमा रूपान्तरित हुन्छन्। तर, देउवा पक्षले बारम्बार १५औँ महाधिवेशनलाई 'एकताको महाधिवेशन' बनाउने प्रतिबद्धता व्यक्त गरेकाले तत्काल विभाजनको अन्तिम विन्दु मान्न मिल्दैन।

सम्पन्न सम्मेलनसँगै काङ्ग्रेसको वैचारिक पुनरुत्थान र भावी मार्गदिशाको प्रश्न पनि उत्तिकै पेचिलो बनेर अगाडि आएको छ। नेपाली काङ्ग्रेसभित्र धर्मनिरपेक्षताको वर्तमान संवैधानिक व्यवस्था र नेपालको सनातन सांस्कृतिक पहिचानबारे लामो समयदेखि गम्भीर बौद्धिक एवम् राजनीतिक बहस चलिरहेको छ। यद्यपि, देउवा पक्षले पेस गरेको पाँचबुँदे एकता प्रस्तावमा सनातन हिन्दुराष्ट्रको स्पष्ट माग समावेश गरिएको छैन। तसर्थ, पाँचबुँदे प्रस्तावका आधारमा मात्र काङ्ग्रेस औपचारिक रूपमा हिन्दुराष्ट्रको लाइनमा उभिसकेको निष्कर्ष निकाल्नु वस्तुनिष्ठ मान्न सकिँदैन। विशेष महाधिवेशनबाट सभापति बन्नुभएका गगन थापा पक्षले पनि विगतमा राज्यको धार्मिक निरपेक्षता, सनातन परम्पराको संरक्षण र नागरिकको धार्मिक स्वतन्त्रताबारे सन्तुलित विचार व्यक्त गर्दै आएका छन्। उहाँले राज्य कुनै विशिष्ट धर्मप्रति पक्षपाती हुनुहुँदैन, तर नेपालको परापूर्वकालदेखिको सनातन संस्कृति र सम्पदाको संरक्षण राज्यको दायित्व हुनुपर्छ भन्ने दृष्टिकोण राख्नुभएको थियो। यदि आगामी १५औँ महाधिवेशनमा धर्मनिरपेक्षताको पुनरवलोकन र सनातन पहिचानबारे व्यापक बहस प्रारम्भ भयो भने त्यसलाई केवल व्यक्तिगत नेतृत्वको टकरावको शक्ति-सङ्घर्षका रूपमा मात्र सीमाङ्कन गर्नु गलत हुनेछ। त्यो वस्तुत: काङ्ग्रेसको ऐतिहासिक वैचारिक पुनर्मूल्याङ्कन र आधुनिक राजनीतिक पहिचानको खोजी हुनेछ। भविष्यमा काङ्ग्रेसले धर्मनिरपेक्षताको विद्यमान संवैधानिक ढाँचालाई यथावत् कायम



राख्छ, त्यसको लोकतान्त्रिक पुनर्व्याख्या गर्छ वा धार्मिक स्वतन्त्रतासहितको सनातन सांस्कृतिक पहिचानलाई आफ्ना दस्तावेजमा पुनर्गठित गर्छ भन्ने विषय १५औँ महाधिवेशनको वैचारिक बहसबाटै निर्देशित हुनेछ। तर, यहाँ एउटा मूलभूत राजनीतिक सन्तुलन कायम हुनु अनिवार्य छ। सनातन सांस्कृतिक पहिचानको पक्षमा उभिनु र साम्प्रदायिक वा धार्मिक असहिष्णुतालाई बढावा दिनु सर्वथा भिन्न विषय हुन्। यदि काङ्ग्रेसले सनातन पहिचानको एजेन्डा अघि बढाउँछ भने त्यसको लोकतान्त्रिक आधार धार्मिक स्वतन्त्रता, सर्वधर्म समभाव, अल्पसङ्ख्यकको सुरक्षा एवम् बहुसांस्कृतिक सामाजिक सद्भावमा आधारित हुनुपर्छ; अन्यथा यसले काङ्ग्रेसको परम्परागत उदार लोकतान्त्रिक मान्यतालाई आघात पुर्‍याउने जोखिम रहन्छ।

पार्टीभित्र रूपान्तरण, युवा पुस्ताको आशा र साङ्गठनिक पुनर्संरचनाका प्रतीकका रूपमा जिम्मेवारीसम्म पुगेका हुन्। कुनै पनि राजनीतिक नेतृत्वको वास्तविक सामर्थ्य र सफलता भाषण वा लोकप्रिय उद्घोषमा होइन, जटिल साङ्गठनिक व्यवस्थापन र सङ्कट मोचन गर्ने क्षमतामा नापिन्छ।

आज पार्टीको एउटा ठुलो सङ्गठित हिस्सा आफूलाई उपेक्षित र सीमान्तकृत महसुस गर्दै समानान्तर गतिविधिमा संलग्न हुनुले साङ्गठनिक विभाजनको गम्भीर सङ्केत गर्छ। बिपी स्मृति दिवसजस्तो साझा ऐतिहासिक अवसरमा समेत संस्थापन पक्ष र संस्थापन इतर पक्ष (देउवा पक्ष) ले पृथक्- पृथक् कार्यक्रम सञ्चालन गर्नुले आन्तरिक अविश्वासको पराकाष्ठालाई उजागर गरेको छ। यसले साङ्गठनिक दूरी र देउवा पक्षको सम्मेलनलाई कतिपय विश्लेषकले गगन थापाको नेतृत्व असफलताका रूपमा चित्रण गरेका छन्। साङ्गठनिक गतिरोधको जरामा विशेष महाधिवेशनको जटिल प्रक्रिया, देउवा पक्षको असहमति, वर्षौंदेखि सञ्चित गुटगत अविश्वास र पुस्तान्तरणको असहजता समावेश छन्। यद्यपि, सभापतिको सर्वोच्च जिम्मेवारीमा पुगिसकेपछि पार्टीभित्रका सम्पूर्ण समस्या र असन्तुष्टिको दायित्वबाट नेतृत्व पन्छिन मिल्दैन।

सबैभन्दा ठुलो राजनीतिक कसौटी भनेको आफूलाई कुनै एक गुटको मात्र नभई सम्पूर्ण काङ्ग्रेसजनको साझा र सर्वस्वीकार्य नेतृत्व प्रमाणित गर्नु हो। देउवा पक्षको पञ्चविन्दीय प्रस्तावले मूलत: यही राजनीतिक सन्देश दिएको छ- 'काङ्ग्रेसको ऐतिहासिक निरन्तरता र वर्तमान रूपान्तरणबिच संस्थागत पुल निर्माण गर्दै साझा नेतृत्व स्वीकार गर्न हामी तयार छौं।' त्यसैले यो सम्मेलन विभाजनको पूर्वसङ्केत नभई एकता कायम गर्ने अन्तिम ऐतिहासिक अवसर बन्न सक्छ। देउवा पुस्ताको समृद्ध राजनीतिक अनुभव, युवापुस्ताको नवीन ऊर्जा तथा विचार र शेखर-शशांक पुस्ताको ऐतिहासिक-वैचारिक निरन्तरतालाई एकीकृत संयोजन गर्न सक्ने नेतृत्व नै आजको काङ्ग्रेसको आवश्यकता हो। यस अर्थमा आगामी १५औँ महाधिवेशन केवल नयाँ नेतृत्व चयन गर्ने प्राविधिक प्रक्रियामा सीमित नभई नेपाली काङ्ग्रेसको साङ्गठनिक पुनर्जन्म र वैचारिक पुनर्जागरणको ऐतिहासिक महाधिवेशन बन्नुपर्छ। अन्तत: देउवा पक्षको राष्ट्रिय सम्मेलनले काङ्ग्रेसलाई साङ्गठनिक ऐना देखाएको छ। (लेखक नेपाली काङ्ग्रेस नुवाकोटका सचिव हुनुहुन्छ।) त्रिशुली प्रवाह




# Seventy-Eight Years Later Kashmir Still Waits for the World to Keep Its Word: WKAF

Dr. Ghulam Nabi Fai
Chairman
**World Forum for Peace & Justice**

New York, New York
August 13, 2026

The United Nations made a promise to the people of Kashmir. Seventy-eight years later, that promise remains conspicuously unfulfilled. Sometimes the most powerful question is the simplest one: How long can an international promise be ignored before the world stops calling it a promise¿ For Kashmiris, the answer is now measured in generations.

Dr. Ghulam N. Mir, President, World Kashmir Awareness Forum (WKAF) and Executive Producer, Saffron Kingdom, a Kashmiri film, said "On the 78th anniversary of the United Nations Commission for India and Pakistan's August 13, 1948 resolution, the Washington-based WKAF took that question directly to the streets of New York City. The organization rented highly visible digital advertising trucks and sent them through strategic locations around the city, including areas surrounding the United Nations Headquarters. The message was impossible to miss."

Dr. Mir explained that "Bright digital screens carried calls for the United Nations to revisit its longstanding commitments concerning Kashmir and the right of its people to determine their political future. The digital trucks usually reach an estimated 40,000 to 50,000 people each day—including diplomats, international visitors, tourists, observers, and ordinary Americans. That was precisely the point."

Dr. Imtiaz Khan, Kashmiri American scholar said that "In an age when attention is increasingly scarce, advocacy must go where people are. And there is perhaps no more appropriate place to raise the Kashmir question than New York, home of the institution whose own resolutions remain at the center of the dispute."

Dr. Khan added that "The August 13, 1948, UNCIP resolution stated that "the future status of the state of Jammu and Kashmir shall be determined in accordance with the will of the people." That was not a slogan invented by Kashmiri activists. It was language contained in a United Nations-backed resolution. Yet nearly eight decades later, Kashmiris continue to ask why the principle of self-determination that the international community once recognized has become so difficult to discuss.

Dr. Ghulam Nabi Fai, Chairman, World Forum for Peace & Justice said that "WKAF's digital campaign put that question bluntly before the international community. Its messages included: "India took away Article 370: But not our dreams, not our identity"; "Demand for statehood is a deception: Kashmiris demand right of self-determination"; "Kashmir Election Just a Deception: Plebiscite the Only Solution"; "Kashmiris Reject Indian Occupation: UN Resolution only Solution"; "No Election, No Selection: UN Resolution the Only Solution"; and "Decades elapsed, sufferings not diminished: UN resolutions for Kashmir remain unfulfilled."

Fai added that "These are deliberately provocative messages. But provocation is sometimes necessary when an issue has been allowed to disappear from the world's attention."

Dr. Fai urged the United Nations, democratic governments, and the international community to intensify diplomatic efforts toward a peaceful and durable settlement of the dispute and to ensure that the rights, dignity, and political aspirations of the people of Jammu and Kashmir remain central to any future resolution.

Sardar Taj Khan, Senior Vice Chairman, Kashmir Mission, USA and main organizer of the event said that "the aspirations of the Kashmiri people, and the hopes of those around the world who support a peaceful resolution of the dispute, remain unfulfilled to this day. Peace continues to elude the region. Despite the massive military presence, he said, unarmed Kashmiris in the region and across the globe remain resilient, defiant, and hopeful about their future. "The United Nations may be weak, but the Kashmiri people remain resilient and hopeful," he said.

Raja Mukhtar, National spokesperson, JKLF, USA and co-organizer of the event said that "Kashmir cannot simply be characterized as an "internal matter" for India because the dispute has been addressed by the United Nations Security Council since 1948. He said the Security Council resolutions of that period contemplated a process leading to a plebiscite concerning the future of Jammu and Kashmir. He further argued that sentiments of Aazadi remain strong and continue to grow. He cited Mohammad Yasin Malik as an example of a Kashmiri leader who, despite prolonged incarceration and difficult conditions, has remained committed to his political cause.

Sardar Zarif Khan, President, Kashmir American Welfare Associaiton (KAWA) said that "while Kashmir continues to suffer, the world's democracies have largely limited themselves to expressions of concern. He criticized what he described as the international community's failure to translate concern into sustained diplomatic action. In his view, the limited public response to developments in Kashmir has allowed India greater latitude to pursue policies that, he argued, could fundamentally alter the region's demographic and political character. Without meaningful diplomatic and economic pressure, he warned, Kashmir's distinct identity could be seriously diminished within a generation.

Sardar Shoaib Irshad, Joint Secretary of the KAWA called upon the Government of India to respect international law and cooperate with efforts toward a peaceful settlement of the dispute. He argued that a negotiated resolution could also reduce the enormous economic and human costs associated with the continuing military presence in Kashmir. He further expressed concern that current policies could alter the demographic character of the region.

Advocate Sardar Imtiaz Khan Garalvi said that the Kashmir dispute can ultimately be resolved only through a peaceful political process that takes into account the aspirations of the Kashmiri people. He rejected the use of military power as a substitute for a political settlement and warned against a "might-makes-right" approach to international relations. The lives, dignity, and hopes of Kashmiris, he said, should not be sacrificed to geopolitical calculations.

Sardar Aftab Roshan Khan said that the global Kashmiri diaspora leadership has unanimously resolved to continue efforts to protect the unique and historic identity of Jammu and Kashmir against what it considers growing challenges. He appealed to people of conscience and the international community to raise their voices regarding what he described as the severe human rights abuses suffered by the people of Jammu and Kashmir.


Finally, Dr. Fai emphasized that the Security Council's historical resolutions on Jammu and Kashmir remain an important part of the international record concerning the dispute. He called upon India and Pakistan to address their longstanding differences along with genuine Kashmiri leadership through peaceful means and urged renewed international efforts toward a settlement consistent with the relevant United Nations framework and the aspirations of the people of Jammu and Kashmir.

Dr. Ghulam Nabi Fai can be reached at:
WhatsApp: 1-202-607-6435 gnfai2003@yahoo.com

# Narayan Mishra comes with his new publication: Nepal: Between Beauty and Struggle

By Shant Shrestha People's Review columnist and veteran academician Narayan Prasad Mishra has recently published a new book, Nepal: Between Beauty and Struggle. The book has been brought to the market by Adroit Publishers, a prominent publishing house based in India. The book is a curated collection of 76 deeply personal and reflective essays selected from more than 250 articles originally published in People's Review, as well as ECS Magazine, Republica, and The Rising Nepal.

Drawing on eight decades of lived experience as a citizen, educator, and pioneer of Nepal's library movement, Mishra presents a candid portrait of the nation. Beyond the familiar postcard images of towering mountains and sacred temples, the book offers an honest critique of Nepal's social problems, cultural heritage, political decline, pervasive corruption, and institutional shortcomings. "This book is not the work of a historian or politician, but of a witness to Nepal's journey through time—someone who has seen the country rise with hope and fall into despair," Mishra writes in the preface. Through these essays, he attempts to portray Nepal as it truly is—not merely through its breathtaking landscapes, but also through the moral and social complexities that define the nation. The publication was made possible through the collaboration of Madhab Maharjan of Mandala Book Point in Kathmandu and Akhil Sharma of Adroit Publishers. The book features a thought-provoking foreword by Robert Palmer, preliminary formatting by the author's granddaughter Asha Adhikari, and visual contributions from Betty Woodsend, who provided many of the photographs used throughout the book. Born in Bhaktapur in 1944, Narayan Prasad Mishra is a pioneer of modern library science in Nepal. He was the first Nepali to earn a master's degree in library science from India. His late wife, Shanti Mishra, was the first Nepali to obtain a master's degree in library science from the United States. Together, they dedicated decades to modernising Nepal's academic and library infrastructure.




Shanti Mishra served as the first Chief Librarian of the Tribhuvan University Central Library and was also a renowned author. Narayan Mishra later served as the Prashasak (Chief Administrative Officer) of Tribhuvan University before opting for early retirement because of the increasing politicisation of public institutions. He currently resides in Indianapolis, USA, with his daughter and continues to write prolifically on Nepali society, governance, and culture. Nepal: Between Beauty and Struggle is currently available at major bookshops across India and Nepal, including Mandala Book Point in Kantipath, Kathmandu, and online through Amazon India. Worldwide distribution through Amazon is expected to begin shortly.

Interested readers can find the book at the following link:
https://www.amazon.in/Between-Beauty-Struggle-Narayan-Prasad/dp/9348292838
https://www.amazon.in/Between-Beauty-Struggle-Narayan-Prasad/dp/9348292838¿dplnkId=4dda6e32-d543-4a9e-8bd2-baa1235161df&nodl.

@ People's Review July 30, 2026

# अव्यवस्थाले समस्या बिकराल बन्दैछ



डा.शास्त्रदत्त पन्त

सेवाको समान वितरण :

१. हाल जुन जुन ठाउँमा जसरी घर वस्ती बसिरहेका छन् तिनीहरूलाई यथास्थितिमा राखेर देशको सर्वाङ्गीण विकास कहिल्यै गर्न सकिँदैन, सुविधा पुर्‍याउन सकिँदैन। सबै नेपालीलाई समान अवसर पनि कहिल्यै दिन सकिँदैन। शिक्षाको उज्यालो घामको प्रकाश पनि सबैको घर आँगनमा पुर्‍याउन सकिँदैन। यस्तै अरू सबै थोक पनि पुर्‍याउन सकिँदैन। भइरहेका गाउँ आफ्नो घरका लागि चाहिने वस्तु जुटाउँदा लाग्ने श्रमको हिसावले र अरू घरलाई सरकारी नीतिले दिने सुविधाका हिसावले पनि ज्यादै खर्चिलो छन्

२. बाटाघाटा, पुल, बिजुली, टेलिफोन, खानेपानी, शिक्षा, स्वास्थ्य, सञ्चार जस्ता सुविधा आजकल मानिसका जीवनका अभिन्न अंग भइसकेका छन्। एकीकृत र योजनाबद्ध बस्ती नभइकन समष्टिगत रूपमा विकास र उपभोग सम्भव छैन, व्यवस्थित पद्धतिबाट मात्र ती सबै कुरा सम्भव हुन्छन्।

३. बिजुली सबैको घरमा पुर्‍याउनुपर्दछ। खानेपानी सबैलाई चाहिन्छ। सडकको सहुलियत सबैलाई चाहिन्छ। सञ्चार र आर्थिक उपभोगका सहुलित सबैलाई महत्वपूर्ण हुन्छन्। शिक्षाको सहज सहुलियत सबैलाई चाहिन्छ। स्वास्थ्योपचारका सहज सुविधा सबैलाई चाहिन्छन्। परिवार नियोजन सबैले गर्नु पर्दछ। उत्पादित वस्तु बेच्नु र खाँचोका वस्तु किन्नु आजको युगमा ज्यादै महत्वपूर्ण कुरा हो। यी सबै सेवाको समान रूपले वितरण-व्यवस्था मिलाउन व्यवस्थित वस्ती पद्धतिको अनिबार्य आबस्यक्ता पर्दछ।

सेवा पुर्‍याउन सजिलो :

गाउँबाट विकास थाल्ने हाम्रो नारा भएर पनि सदासर्वदा गाउँको भन्दा शहरकै विकास गरिरहेका छौं। यसो हुनाको मूल कारण के हो भने शहरहरू व्यवस्थित नभएर पनि एकीकृत छन्। यसो हुँदा एकै खेपमा धेरै सुविधा पुर्‍याउन सकिन्छ। कम खर्चले बढी जनतालाई फाइदा हुन्छ। यसो नभएका गाउँहरू दिन प्रतिदिन गरीब हुँदै जाने अनि सुविधा र सम्पन्नता शहरमा मात्र हुने हुन्छ। हामीकहाँ शहर थोरै र गाउँ धेरै छन्। थोरैले धेरैको सुविधा लुछ्ने भएको छ। गाउँतिर सञ्चालित खास गरेर खानेपानी योजनालाई नै उदाहरणका रूपमा लिन सकिन्छ। गाउँमा एक घरलाई बिजुली वितरण गर्न एक लाख खर्च गरिएको र एक परिवारलाई सार्वजनिक धाराबाट पानी वितरण गर्दा २१ हजारसम्म खर्च भएका प्रत्यक्ष उदाहरण हाम्रा अगाडि छन्। अनि मूल्यांकनर्त्ताहरूको प्रतिवेदन अर्थविद् र योजनाविद्ले पढ्नासाथ खर्चिलो चाहिँलाई निरूत्साहित गराउनु स्वभाविक हुन आउँदछ। अनि नब्बे प्रतिशत जनता बसेका क्षेत्र उपेक्षित हुन आउँदछन् र दश प्रतिशत बसेको क्षेत्रले प्राथमिक्ता पाउँदछन्। काठमाडौंलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। ठाउँले मागेभन्दा बढी साधन यहीं छन्। यसरी विकास गर्ने गरेमा असन्तुलित हुने मात्र होइन विकास जति गरे पनि कहिल्यै सकिँदैन। कहाँ कहाँ के गर्न बाँकी छ पत्तो नै हुँदैन। खर्चले पुर्‍याउन सकिँदैन। सबैलाई समान रूपले सन्तुष्ट बनाउन छितरिएका वस्ती समेटेर घना र योजनाबद्ध पारिनु नै पर्दछ।

कम खर्चिलो : व्यवस्थित तथा सघन वस्ती अव्यवस्थित वस्तीको तुलनामा लगानीको हिसाबले निकै सस्तो पर्दछ। अहिले भइराखेका अव्यवस्थित र छितोरा परेका गाउँहरूमा घर-घरमा पानीको पाइप पुर्‍याउन, सबका घरमा बिजुली र टेलिफोन जडान गर्न त यति धेरै तार चाहिन्छ कि त्यसले त आकाशमा जालो नै बुन्न पुग्दछ। जबसम्म सारा देशको बस्तीलाई व्यवस्थित गरि□दैन कुनै पनि विकासको गति सम्भव छैन। वस्ती व्यवस्थित भएमा विकासको गति छिटो हुने मात्र होइन लागत खर्च पनि कम पर्दछ। व्यवस्थित बस्ती भएपछि सबैलाई समान सेवा पुर्‍याउन सकिन्छ।

ख छितरिएको वस्तीमा भन्दा व्यवस्थित वस्तीमा पाइपबाट पानी पठाउँदा २० प्रतिशत सस्तो पर्दछ। .यो कुरा ग्रामीण खानेपानी योजना र शहरी खानेपानीको लागत खर्चको तुलनात्मक हिसावका आधारमा हिसाब गर्न सकिन्छ। देशभर खानेपानीको व्यवस्था गर्दा खरबौ रूपैयाँ सस्तो पर्दछ।

ख विद्युतीकरण गर्दा लाग्ने ट्रान्समिशन खर्चको बीस प्रतिशत कम लाग्दछ। जडान गर्दा उपभोक्तालाई पनि त्यतिकै कम खर्च लाग्दछ। यसरी लाग्ने महसुलमा २० प्रतिशत सस्तो पर्दछ। यसबाट कुल उत्पादन लागतको २० देखि २५ प्रतिशत बचत हुन्छ, जुन देशका लागि निकै ठूलो रकम हो।

ख टेलिफोन अनिवार्य आवश्यक्ता हो। शहरी र ग्रामीण टेलिफोन जडानको खर्चको अनुपातिक हिसाब गर्न सकिन्छ।

ख शिक्षाको क्षत्रेमा हुने लगानीमा आधा खर्च बचत हुन्छ। अर्थात् सबै शिक्षा दिँदा अहिले लागेकै खर्चले नै झण्डै शतप्रतिशत नागरिकलाई गुणस्तरयुक्त शिक्षा दिन पुग्दछ। तल सारिणी ०१ मा उल्लेख भए अनुसार समयको बचत हुन्छ। त्यस बचतलाई उत्पादनशील काममा लगाउँदा प्रतिदिन त्यति नै बराबरको उत्पाकदत्व वृद्धि हुन्छ। यी गाउँलाई व्यवस्थित गरेपछि लगानीमा हुने मोटामोटी फरक निम्न अनुसार हुन आउँदछ जुन सञ्चालन भएका खास योजनाहरूको खुद खर्चको आधारमा (

उत्पादनमूलक, प्रभावकारी उद्योगजन्य
उत्पादनमूलक, प्रभावकारी उद्योगजन्य

सजिलैसँग मिल्ने सजिलैसँग मिल्ने

चाहेजस्तो विकास हुने चाहेजस्तो विकास हुने। गाउँमै व्यवस्थित हुने गाउँमै व्यवस्थित हुने। सहज सुलभ सहज सुलभ

समयको बचत : सहज र सुखमय जीवन

यसरी बस्ती व्यवस्थित हुँदा सुविधाहरू थपिने मात्र हैनन् समयको बचत पनि हुन्छ। समय धन हो। समयको बचत धनको बचत हो। यस योजना अनुसार व्यवस्थित र सघन वस्ती बनाइसकेपछि निम्न अनुसार समयको बचत हुन्छ जुन समय उत्पादक्तव बढाउने काममा लगाउन सकिन्छ। स्वास्थ्य शिक्षा जस्ता सबै सुविधाहरूको सम्भव हुन्छ। रोजगारको अवसर प्रशस्त थपिन्छन्। जे काम पनि आँटे तोके बमोजिम हुन्छ। अन्यथा देशले काँचुली फेर्न सक्दैन। अहिलेको निम्न स्थिति अनुसारको समय बचत हुन्छ :

- सरदर एउटा घरलाई चाहिने इन्धन जुटाउन प्रत्येक घरले एक वर्षमा १३२ वटा खेताला बराबरीको श्रमको बचत हुन्छ।
- देशभरमा पानी खेप्न मात्र लाग्ने २२ लाख जनशक्तिको प्रतिदिन बचत हुन्छ।
- विद्यार्थी विद्यालय जान र आउन लाग्ने समय ६४ लाख घण्टा प्रतिदिन बचत हुन्छ।
- साँझ बिहान खाना पकाउने दाउरा र पशु आहाराका लागि डाले घाँस खोज्न (वन जाने) समयमा लाग्ने १४ लाख ४० हजार श्रम दिन एक दिनमै बचत हुन्छ।
- पशुको हेरालो हुन लाग्ने १४ लाख ४० हजार श्रमदिन प्रत्येक दिन बचत हुन्छ।
- लेख बेसी गर्न र आफ्ना विभिन्न ठाउँका बाली रूङ्न लाग्ने १४ लाख ४० हजार श्रम दिन प्रत्येक दिन बचत हुन्छ।
- प्रशासनिक काममा अड्डामा धाउँदा लाग्ने ८६ लाख ४० हजार काम दिन प्रत्येक वर्ष बचत हुन्छ।
- थोरै कर्मचारीबाट धेरै काम गराउन सकिन्छ।
- शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा वर्षेनी विदेशिने अरबौं रूपैयाँको बचत हुन्छ।
- प्रतिकारात्मक उपायबाट रोग लाग्नबाटै बचाउने हुनाले स्वास्थ्य संस्थामा उपचार गराउन जाने र उपचार गर्ने जनशक्ति दुवैको समय र खर्चको बचत हुन्छ।

यसरी हाम्रो समयको दुरूपयोग हुने गर्दा हामी केही प्रगति गर्न नसक्ने भएका छौं। हाम्रो श्रमले हाम्रो उत्पादक्तव बढाउन सहयोगी भएको छैन, योजना पछि हुन्छ।

अव्यवस्थित भू-प्रयोग :

हाम्रा खेतबारी पनि गाउँहरू जस्तै छितरिएका छन्। एकजना मानिसको खेती दशौं ठाउँमा छ। सबैले ब्लकको हिसावले खेती नगरी दिँदा चरा र पशुबाट जोगाउन सकिँदैन। सिचाइँ गर्न सकिँदैन। हेरालो एउटै घरले एक देखि दशौं ठाउँमा राख्नु पर्दछ। फेरि गाईवस्तुको हेरालो पनि चाहिन्छ। घरमा भएका साना केटाकेटीको हेरालो पनि चाहिन्छ। यसो हुँदा बूढाबूढी र केटाकेटीले त फुर्सदै पाउँदैनन्। केटाकेटीको पढाई नोक्सान हुन्छ र बूढाबूढीको सिर्जनात्मक समय। यी सबै समस्याबाट उम्किन व्यवस्थित वस्तीको आवश्यक्ता पर्दछ। व्यवस्थित बस्तीबिना आजको बढ्दो जनसंख्याको व्यवस्थापन गर्न सकिन्न। समाजमा शान्ति र सामाजिक न्याय तथा विकास र सुशासनका लागि समेत व्यवस्थित बस्तीको सोच राख्नैपर्छ। यसो नगर्दा समस्या बिकराल बन्दै जानेछ।

# धर्म र राजनीति छुट्टाछुट्टै विषय हुन्



सुरेशकुमार पाण्डे

कसैले कुनै कुरामा आस्था राख्नुलाई अस्वभाविक भन्न सकिदैन। त्यो धर्म होस् वा राजनीति होस्। कसैले पनि कसैलाई अनावश्याक लाद्न भने पाइदैन। विचारधारा कस्तो छ त्यो ब्यक्तिबाट प्रस्फुटन भएर बाहिर नआउँदासम्म त्यो उसको नितान्त ब्यक्तिगत हुन्छ। त्यो बाहिर आयो भने उसको मात्र रहदैन।

विचार आफूबाट बाहिर निस्कियो भने त्यो सामाजिक बनेको हुन्छ। त्यसलाई सामाजिक भयो भनेर मोहर लगाउनु पर्दैन।त्यो अटोमेटिक सामाजिक बनिसकेको हुन्छ।हाम्रो विचार ठिक छ वा वेठिक त्यो अब समाजले मुल्याङ्कन गर्ने छ। पाप, धर्म र संस्कारको बारेमा दिएको आ आफ्नो मत पनि छलफल हुन्छ। यद्यपि मुल्याङ्कन् सकारत्मक र नकारत्मक दुबै आउनसक्छन्। कयौं वर्ष पछि विचारको सही मुल्याङ्कन् भएको पनि देखिन्छ।

धर्म कुन मान्ने ?, मान्ने नमान्ने ? त्यो नितान्त ब्यक्तिगत विचार हो। धर्म भन्दा बित्तिकै मानिसले पुजा पाठ सम्झिनछन् तर पुजा गर्नु धर्म होइन र त्यो मानिसको परमपरा पनि होइन। त्यो सामाजमा बिभिन्न समुदायद्वारा अप्नाएको एक प्रकारको आस्था हो, संस्कार हो।

उनिहरूले पुजा लगाउनु, लक्षबत्ती जलाउनु, मन्दीर निर्माण गर्नु जस्ता बिभिन्न कृर्यकलाप गर्दै आएका छन् जो समूहगतरूपमा परमपराको रूप लिएको छ। यसबारेमा लगातार अध्यायन अनुसन्धान् र छलफल चल्दै पनि आएको छ। वेला वेलामा समाजले गलत वा सहि निर्णय गर्दै पनि आएको छ।जसलाई वेलाबखतमा परिमार्जीत पनि यही समाजले गरेको हुन्छ। आदिम साम्मेवाद अर्थात कविला युग देखि वर्तमान वैज्ञानिक युगसम्म आइपुग्दा थुप्रै तिता मिठा सकारत्मक नकारत्मक अनुभव सङ्कलन गर्दै आएको छ।

संसारमा मानिसहरू एकै हुन् तर यिनै मानिसरू जातीय, भाषा र क्षेत्रको आधारमा बिभिन्न तहमा बिभाजित गरेका छन्। कुनैपनि धर्मले कुनै मानिसमा बिभेद गर्दैन। मानिसहरू आफैले बनाएको धर्मले पनि मानवतालाई सर्वोपरि सैद्धान्तिक रूपमा राखेको हुन्छ। चाहे त्यो हिन्दू, मुस्लिम, इसाई, बौद्धिष्ट जे सुकै धर्ममा आस्था राखेपनि उनिहरूको उदेश्य मानववादी नै हुन्छ। मानिसहरूको मर्म बुझेर सर्वधर्म अगाडी बढेको हुन्छ। धर्मको अर्को र असली परिभाषा हो मानव धर्म।मानिसहरूले सकेसम्म मानव हितमा कार्य गर्छन् र गर्नुपर्दछ।

अब हामिले बुझ्ने केहो भने धर्म र पाप भनेको मानविय दृष्टीकोण हो। कसैभित्र सहयोगि भावना छ भने हामीले उसलाई धार्मिक भन्न मिल्छ। यदि कसैको दृष्टीकोण लुटेर शोषण गरेर खाने छ भने त्यो वास्तविक पापी नै हो।

पाप र धर्म एउटै मानिसभित्रका दुइ पाटाहरू हुन। हाम्रो समाजले धर्मको परिभाषालाई उल्टाइदिएको छ। जसले मन्दिरमा पुगेर पुजा गर्छ, विश्वका मठ मन्द्री वा जुनसुकै धार्मिक स्थानहरूमा पुग्छ त्यसलाई धार्मिक भनिन्छ। हामीजस्ता श्रमजीवीहरू दान पुन्य र तिर्थ गर्न सकिदैन। त्यसकारण हामी पापी बन्नु पर्यो, नास्तिक बन्नु पर्यो। पाखण्डीलाई धर्मात्मा मान्नु पर्यो ! कुनै पनि यस्ता धर्मस्थानहरू मानिसले नै निर्माण गरेको हो, कुनैपनि मूर्ती मानिसले बनाएको हो। ठूला ठूला धार्मिक ग्रन्थहरूका निर्माता मानिस नै हुन।

कुनैपनि देशभित्र बिभिन्न समुदायहरू बस्नसक्छन् त्यसको अर्थ देशलाई धर्म निर्पक्ष बनाउनै पर्छ। यसरी बिभिन्न धर्ममा आस्था राख्नेहरूको सम्मान हुनसक्छ।एउटा देशमा एउटै धर्मका मानिसहरू हुन सकिदैन। राष्ट्र भनेको बिभिद जात धर्म र भाषाको समरक्षित् संस्था हो। हाम्रै देशमा पनि सयौं जात जाती, भाषा धर्म बिद्यमान छन्।

भारतमा हिन्दुमात्र अटाउने उदेश्यले मुस्लिमहरूलाई पाकिस्थान् बनाए। भयो के भने भारतलाई संविधानमा धर्म निरपक्ष बनाउनै पर्यो। उनिहरूले आज जनतालाई उल्लु बनाएर शासन गर्दैछन्। उनिहरू हिंदू सङ्ग हुन्दोस्तान बनाउछौं भन्छन्, मुसल्मानको बहुमत भएको ठाउँमा धर्मनिर्पक्षका कुरा गर्छन्।

हिन्दू बसेको ठाउँमा गाईको गोबर र गौमूत्र खान्छन् तर कयौं ठाउमा बिफको कारोबार गर्छन्। उनिहरूले खास गरेर बिजेपीले सत्ताको बाहिर खुब हिन्दुत्वको वकालत गर्यो तर देशलाई हिन्दू राज्य घोषणा गर्न सक्दैन।

कसैले पनि धर्मलाई राजनीतिभित्र घुसाउन खोज्यो भने त्यो लामो समयसम्म टिक्न सक्दैन। कसैले जानी नजानी पाप नै गरिरहेको हुन्छ।त्यो मात्र होइन त्यो देशभित्र धर्म युद्ध सुरू हुनसक्छ जो दिर्घाकालिन प्रकारको हुनसक्छ। धर्म युद्धले धर्मको मात्र नाश गर्दैन उसले आफ्नो राष्ट्रको नै सत्यनाश गर्छ। सयौं वर्ष यस्तो युद्ध रोकिदैन।

हामीले बुझ्नै पर्ने बिषय हो राजनीति र धर्म दुबै समाजलाई चलाउने महत्वपूर्ण पक्ष हुन। यी दुईको उदेश्य र कार्य क्षेत्र भिन्दा भिन्दै छन्। धर्म मानिसको ब्यक्तिगत आस्था मात्र हो। जो नैतिकता र आत्मिक शान्तिसङ्ग जोडिएको हुन्छ। राजनीति राज्यको नीति, कानुन र शासनप्रणालीसङ्ग सम्बन्धित हुन्छ। धर्मको राजनीति होइन बरू राजनीतिको धर्म, नैतिकता र कर्तव्य हुनुपर्छ।

आज संसारभरिमा अर्थात पृथ्वीमा करिब ८७ लाख जीव प्रजातीहरू देखिन्छन्। भनिन्छ जसलाई १२ देखि १५ लाखसम्मका प्रजातिहरूको वर्गियकृत गरिएको छ। यी मध्य स्तानधारी जम्मा ६,५०० छन्। त्यस मध्यको पनि चेतनसिल प्राणी भनेको मानिस हो। तर मानिस धर्म भन्दा पढी पाप गर्छ।

मानिसहरूले धर्मकै नाउँमा पनि भयानक पाप गरिरहेका हुन्छन्। त्यस्तो खाले कुसंस्कारलाई चिर्न कति कठिन हुदो रहेछ। समाजमा बली दिने प्रचलन् थियो। जो अहिलेपनि धर्मको बहाना बनाएर पसु पन्छीको बलि चढाएका हुन्छन्। यो उनिहरूले गरेको महान धर्म भनेर बखान गर्दै आएको हामिले देख्छौं।त्यो महान पापलाई धर्मको पगरी गुथाएर वास्तवमै धर्म बन्दैन।

मानिस मानिस बिचको बिभेदले आजपनि मानिसको पोल खोलेको छ, मानिसहरूले गरेको धर्मको नाममा हत्याले मानिसहरू नाङ्गिएका छन्। यो चराचर जगतमा मानिसले गरेको महान पाप हो वा उनिहरूले गर्ने धर्म अन्जानमा भएको भुल हो भने समयमै परिमार्जित गरेर भुल सुधार गर्नु मानव विवेकको पाटो हो। त्यसो गर्न वेहिचकिच अगाडी बढ्नु पर्छ।

बिडम्बना कुरिती र कुसंस्कार हटाउनुको साटो त्यसैमा राजनीति गर्न थालेकाछन्। कसैले क्षेत्रको नाममा,कसैले जातिको नाममा त कसैले धर्मको नाममा राजनीति गरेको देखिन्छ। जतिसुको पढेपनि प्राकृति समाजको अध्ययन् गरेपनि मानव समाजको यो विवेक हिन अवस्था हो। राजनीति त राष्ट्रियता र जनताको हितमा हुनुपर्ने हो। अनुसाशित र नैतिकवान बनेर देश रजनताको हितमा पक्ष विपक्षको मैत्रिपूर्ण छलफल र निर्णय गर्नुपर्ने हो। आजको राजनीति विपक्षमा तरवार चलाएर उनिहरूका विचार माथि निर्मम् दमन गरेर विपक्षलाई दुश्मन् सरह व्यवहार गरेर आफ्नो मनपरि गरेका छन्। यो ठूला भनौदा दलहरूले पनि गरेका थिए। अहिलेका नयाँ नेताहरूको व्यवहार पनि उस्तै छ।

पुजिवादी गणतन्त्रको सर्वोच्च संस्था भनेको संसद हो। राजनैतिक दलहरूले संसदको गरिमालाई लत्ताउदै फोहोर थुपार्ने डस्टबिन बनाई दिएका छन्। जहा देशको रक्षा, विकास गर्ने र जनताको सेवा गर्ने योजनाहरू पारित गर्ने ठाउ नियम कानुन बनाउने ठाउ आज अविस्वासिलो भयो। संसदभित्र आज देश कसरी विदेशी बजारमा लिलाम गर्ने र विदेशबाट पुजि ल्याएर आफू र आसेपासेलाई खुसि पार्ने योजना बनाइन्छ। देशमा राजनीति गर्नेहरू सर्वप्रथम देशभक्त हुनुपर्छ। देशलाई कसरी फाइदा पुगाउँछ यी यावत बिषयमा केन्द्रीत रहेर राजनीति गर्नुपर्छ। जनताले देशको विकास र जनता स्वतन्त्रता चाहान्छन्। कुनै पनि ब्यक्ति फेरी कुनै जात, धर्म, क्षेत्रको लागि होइन सिङ्गो देश र गणतन्त्रको रक्षाको लागि अबिचलित हुनुपर्छ। मौका परस्तहरू देशको भयाभव अवस्थाबाट फाइदा उठाएर अनावश्याक रूपमा जनतालाई गुमराह वा गन्तव्यहिन बनाउन तल्लिन छन्।

जब राजनीतिलाई पेसा बनाउन थालियो त्यो राजनीति रहेन। जनतालाई ठग्ने माध्यम बन्नपुग्यो। प्रायजसो भ्रष्टाचार लुकाउने अखडा राजनीतिलाई बनाउन थालिएको छ। यो विज्ञानको युगमा पनि धर्मको नाममा राजनीति गर्दा द्वन्द्व बढाएको छ।

# विद्यूत महसुल घट्ने



काठमाडौं। कुलमान घिसिङले चर्को आवाज उठाएपछि सरकारले विद्युत् स्वदेशमै खपत बढाउन महसुल घटाउने निर्णयमा पुगेको छ। यस विषयमा ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले मन्त्रिपरिषदमा प्रस्ताव लाने तैयारी गरेका छन्। महसुल सुविधा घरेलु र उद्योगलाई समेत हुने भएको छ। मन्त्रीका अनुसार सरकारले उद्योगको उत्पादन लागत घटाउने, विद्युत् खपत बढाउने र अतिरिक्त विद्युत् स्वदेशमै उपयोग गर्ने गरी महसुल संरचना सुधार गर्न सरकारले सोचिरहेको जानकारी दिएका छन्। सरकारले अर्बभन्दा बढी चुक्ता पुँजी भएका उद्योगलाई आफ्नै लागि विद्युत् उत्पादनको अनुमतिसमेत दिने तैयारी गरिरहेको छ। अब भने सरकार ट्र्याकमा आएको अनुभूति गरिएको छ। विद्युतमा लागेको भ्याट हटाउने बहस पनि चर्केको छ। सरकार बिस्तारै जनआवाज सुन्न थालेको देखिन्छ।

# नेपाली कागजलाई संरक्षण देऊ



कुनै बेला जापानको कागजी नोट नेपाली लोक्ता कागजमा छापिने गर्थ्यो। मलेसियाका नोटमा नेपालीपन भेटिन्थ्यो। यसकारण पनि नेपाली कागज उद्योगलाई सरकारले संरक्षण र सहयोग गर्दै बजार प्रवर्द्धन गर्न जरूरी छ।

आज पनि विश्व बजारमा नेपाली हाते कागजको माग घटेको छैन। स्वदेशका अदालत, मालपोतमा नेपाली कागजकै प्रयोग हुनेगर्छ। कुनै कुनै देशले बैंक नोट नै नेपाली कागजमा छाप्छन्, नेपाल आउने पर्यटकले नोटबुक, खाम, फोटो फ्रेम, ल्याम्प, सजाउने सामान आकर्षित भएर खरिद गर्छन्, उपहारका रूपमा आफ्नो देश लैजान्छन्। पूर्वी पहाडी इलाकामा नेपाली हाते कागज सुकाएको दृश्य हो यो। ग्रामिण भेगमा स्वरोजगार मूलक यो हाते कागज उद्योग संरक्षण र संवर्द्धनका लागि सरकारको प्रतिक्षा गरिरहेछ।





## अन्तिम पातो – शाश्वत शर्मा

# धवल प्रयास, परिणाम कहिले ?

राप्रपाबाट चोइटिएको धवलशमशेर जबरा चोइटोले जय नेपाल पार्टी खोलेर राजसंस्थाको पक्षमा मुलुकभर हस्ताक्षर अभियान चलाएर जनमतको सर्भेक्षण गर्ने बताएको छ। हिन्दुराष्ट्र र राजसंस्था चाहिन्छ चाहिन्छ भनेर थालिएको हस्ताक्षर अभियान जारी छ। थरि थरिका राजतन्त्रवादीहरू थाकेर ओइलाएको समयमा धवशमशेर सकृय भएका हुन्। नेपालीले बुझिसकेका छन् कि यस्ता सर्भेक्षण, हस्ताक्षर अभियान, शान्तिपूर्ण आन्दोलन, धर्ना, ऱ्याली आदिले केही लछारपाटो लगाउँदैन। भूराजनीति जोडिएको यी दुई प्रश्नमा ३ करोड नेपालीले समर्थन दिए पनि राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापना हुन गाह्रो छ। नूनदेखि सूनसम्मका लागि दाताहरूको भर पर्ने हामी दाताहरूको यस विषयमा समर्थन हुन जरूरी भनेर सबैले बुझेका छन्। २०६५ सालमै पनि राजसंस्थाको बिस्थापनमा नेपालीको समर्थन थिएन, अवैध तरिकाले गणतन्त्र कार्यान्वयन भएकै हो। २०६३ को आन्दोलनमा सात राजनीतकि दलहरूले बाहिरी दाताहरूबाट साधनस्रोत चलाएकै हुन्। कमल थापाका अनुसार ८० करोड हात थापेर राजतन्त्रविरूद्ध त्यतिबेला आन्दोलन गरिएको थियो। यसकारण राजतन्त्र र हिन्दुराष्ट्रको बिस्थापन नेपालीले गरेका होइनन्, पुनर्स्थापना पनि नेपालीबाट सम्भव छैन। नेपाली जनता निर्णायक हुनेथिए भने धेरै पहिले नै पुनर्स्थापना भइसक्थ्यो। त्यसैले हस्ताक्षर अभियान, सर्भेक्षण राजनीतिक खपतका लागि मात्र हो।

राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापना गर्न जेनजी बिद्रोहजस्तो बिद्रोह जरूरी छ। त्यति चर्को बिरोध नभएसम्म कुनै पनि परिवर्तन सम्भव नै छैन। अहिलेसम्म धेरैथरिका आन्दोलन भए, सबै पानीको फोका सरह उठे, फुटेर गए। थरिथरिका आन्दोलन, ऱ्यालीमा पूर्व तैयारी पनि थिएन, बाह्य शक्तिको समर्थन पनि थिएन, यसकारण कुनै पनि आन्दोलनले नतिजा दिन सकेन। स्मरणीय छ, दुर्गा प्रसाईले भारतको आरएसएससँग अनुमति लिएर हिन्दुधर्म पुनर्स्थापना गर्न आन्दोलन गरेकै हुन्। सफल हुनसकेनन्। नेपालमा जातीय, धार्मिक, पेशागत दंगा, आन्दोलन बेला बेलामा भइरहेकै छन्, राजनीतिक रङ् ल्याउन सकेनन्। अचम्म त के छ भने जब राजतन्त्र र हिन्दुराष्ट्रको मुद्दामा आन्दोलन हुन्छ, बिद्रोह सुरू हुन्छ, एकाएक त्यो दुई दिन पनि टिक्दैन। किनभने त्यस्ता आन्दोलनमा विदेशी साधनस्रोतको उपयोग भएको हुँदैन, त्यसैले सफल पनि हुँदैन। जब सत्तालाई एजेण्डा सुनाएर भीडलाई सडकमा उतारिन्छ, तब आन्दोलन परिणाम छेउछाउ पुग्छ। विदेशीहरूले नेपालको राजनीतिक बृत्तमा गरेको यही हो र उनीहरू सफल पनि हुँदै गएका हुन्।

अन्य मुलुकहरूमा परिवर्तनमा जनचाहना मुख्य सवाल हुन्छ। नेपालका सन्दर्भमा विदेशी चाहना अनुसार मात्र हुनेगरेको छ। राजनीतिक दलहरू जनताभन्दा विदेशमुखी भएकाले यसो भएको हो। यसकारण धवल शमशेरको जय नेपाल पार्टीले थालेको हस्ताक्षर अभियान र सर्भेक्षणले तात्वीक नतिजा केही दिनेछैन। रिपोर्टलाई सिरानमा हालेर सुत्ने र आत्मरति गर्ने बाहेक यसबाट केही हुनेवाला छैन। सक्ने भए धवल शमेशेरले राप्रपामा बसेरै परिवर्तन ल्याउनसक्थे। चोइटिएर उनले दिने भनेको केही राजनीतिक हल्लाखल्ला भन्दा बढी के होला र ?

यसकारण भन्नैपर्छ, जन्मदै विवाद लिएर जन्मेको र दुर्गा प्रसाईसँग एक भएर एक्लिदै खोजेको जय नेपाल पार्टीको शक्ति आउने दिनमा देखिएला नै। विश्लेषकहरू भन्छन्, दर्जनौ पार्टीका वीभच यो पनि एउटा पार्टी हो, बाँकी केही होइन। यो पार्टीले नेपाली जनजनबाट कुनै समर्थन पाउने छाँट पनि देखिदैन। हुनसक्छ, जेनजी बिद्रोहपछि पुराना दलहरू अब छोटिदै जाने र राप्रपा पनि घोषित नीतिबाट ढुलमुल भएको हुनाले यो नयाँ जनेपले मौका छोप्न सक्छ भन्ने आँकलन गरिएको होला। तर फेरि पनि भन्नुपर्ने हुन्छ, रास्वपाको भर्खर भएको उदयका कारण त्यो सम्भव नै देखिदैन। फेरि धवशमशेरहरूलेदक्षिणको कुनै एक संस्थाको मात्र साथ पाएर, लिएर अहिले नै दिउँसै सपना देख्नु ठिक पनि होइन। नेपालमा धेरै खेलाडीहरू विद्यमान छन्। अरू त कुनै छाडौं, यहाँका सम्पूर्ण राजनीतिक दलहरूले चाहेर पनि सम्भव छैन। देउवाले हिन्दुकार्ड खेलेर एकछिन रमाइलो देखाए। त्यो सधैं टिक्छ भन्ने छैन। मुख्य कुरा कांग्रेसले र देउवाले नया दल दर्ता गरे भने ती दुबैमा हिन्द र राजाको मुद्दा समेट्न सक्नुपर्छ। विधानमा नै। एमाले र नेकपा अनि अरू मधेशवादी दल र स्वयं रास्वपा त अझै परको कुरा भयो। दाताहरूको इच्छा र चाहना अनि मात्र राजा र हिन्दुराष्ट्रको कुरा आउँछ। बाह्य दबाब र प्रभावमा परेकाहरूले त्यस्तो गर्लान् भनेजस्तो लाग्दैन। जनेपा पनि पार्टीहरूको भीडवीचको अर्को पार्टीमात्र हो। राप्रपाको झड्केलो। जनेपा प्रयास गरोस्, परिणाम भूराजनीतिले देला ?

# राजतन्त्र, हिन्दुराष्ट्र स्वार्थको सिकार बन्यो



जन्मदै दुई टाउके भएर जन्मेको राप्रपा युवापुस्ताका राजेन्द्र लिंगदेनसम्म आइपुग्दा फेरि फुटेको छ। धवल शमशेरले एक चोइटो निकालेर जय नेपाल पार्टी गठन गरेका छन्।

जन्मेदेखि ठूला पार्टीको खालमा व्यक्तिगत सत्ता, शक्ति र सम्पत्तिको च्याँखे बल्झाउँदै आएका राप्रपा जन अहिले पनि च्याँखे थाप्ने खेलमै व्यस्त छन्। भन्नलाई राजतन्त्र र हिन्दुराष्ट्रको खोल ओढ्छन्, स्वार्थ पूरा गर्छन्।

राप्रपाका सर्जक थिए राजेश्वर देवकोटा। यसको फाइदा लिए लोकेन्द्र बहादुर चन्द र सूर्यबहादुर थापाले। त्यसपछि कमल थापा र पछिल्लो नेतृत्वको राजेन्द्र लिंगदेनको। घरि फुट्ने र घरि जुट्ने राप्रपाका नेताहरू हिजोदेखि आजसम्म संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्रको मन्त्र जप्न बिर्सेका छैनन्। यथार्थमा यिनको चरित्र न राजतन्त्र चाहेजस्तो छ, न हिन्दुराष्ट्र अनुकूल नै। जसरी पनि ठूला दलको खालमा च्याँखे थाप्ने र व्यक्तिगत लाभ उठाउने यिनको राजनीति रहेको छ।

अहिले पनि राप्रपामा ूलै बिग्रह छ। संघीयता मान्दैनौं भन्ने लिंगदेनले बागमती प्रदेशमा भुवनलाई सभामुख बनाए, सत्तामा जान्न भन्ने राजेन्द्र लिंगदेन आफै सत्तामा पुगे, अहिले बागमती प्रदेशमा पार्टी निर्देशन मान्दिन भन्ने सांसद उद्धव थापा निस्केका छन्। पार्टीभित्रै कमल थापा र लिंगदेन बिभाजित छन्। २०८२ फागुन २१ को चुनावमा जुम्लाबाट एक सिट बाहेक राप्रपाको राजनीतिक हैसियत जिरोमा पुग्दा समेत पार्टीभित्र चेत नखुल्दा धवल शमशेर पार्टी नै फुटाइदिए।

राप्रपा २०४६ सालमा कांग्रेस, कम्युनिष्ट इतरका पूर्वपञ्चहरूले गठन गरेका हुन्। कांग्रेसले मध्यावधि चुनाव गराएपछि २०५१ मा राप्रपा तेश्रो शक्ति बन्न सफल भएको थियो। अचम्म, पञ्चायत फालियो तर २०५३ मा एमालेको समर्थनमा लोकेन्द्र बहादुर चन्द र २०५४ मा कांग्रेसको समर्थनमा सूर्यबहादुर थापा प्रम बने। ०६२ मा कमल थापाले राप्रपालाई टुक्र्याए। कमल थापा राजाको पक्षमा उभिएका थिए। यति नै बेला सूर्यबहादुर थापाले जनशक्ति पार्टी गठन गरेका थिए। यो पार्टी ०७० मा आइपुग्दासम्म राप्रपामा नै बिलय गरिएको थियो। २०७० को संविधानसभा निर्वाचनमा राप्रपा नेपाल र राप्रपावीच एकता भयो, चौथो ठूलो दल बन्यो तर एकता टुक्रियो।

समानुपातिकमा २४ र प्रत्यक्षमा १० सिट जितेको राप्रपावीच भएको एकताले उत्साह भर्न सकेन, फेरि ठूला दलसँग मिले सत्तामा पुग्ने होडबाजी चल्यो। पशुपतिशमशेर राणा र कमल थापा दुई खेमा बन्यो र दुबै खेमा शेरबहादुर देउवाको सरकारमा सामेल हुनपुगे। २०७३ फागुनमा डा. प्रकाशचन्द्र लोहनीले आफ्नो नेतृत्वमा एकीकृत राप्रपा (राष्ट्रवादी) बनाएका थिए, २०७४ को प्रतिनिधिसभा चुनावमा थापा समूहले गाई, राणा समूहले गोलाकारभित्र हलो र लोहनी समूहले बर्गाकारभित्र हलो चुनाव चिह्न लिएर चुनाव लडे। गाई चिन्ह लिएका लिंगदेनले मात्र जितेका थिए। अचम्म, यतिबेला लिंगदेन, राणा, लोहनी र कमल थापा एउटै पार्टीमा छन्। धवल शमशेर पनि त्यही पार्टीमा थिए, उनले नयाँ जय नेपाल पार्टी गठन गरेका छन्।

राप्रपाको संघीय संसदमा एक सिटमात्र प्रत्यक्ष जिते पनि समानुपातिकमा पनि केही सिट छन्। यही बलबुतामा प्रदेश सरकारमा ठूला पार्टीको टेको लागेर सत्ता साझेदारी गरेर लाभ लिने विषयमा राप्रपा अग्रपंक्तिमा रहेको छ। लिंगदेन नेतृत्वको राप्रपामा संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्रका विषयमा खासै चिन्ता छैन।

अहिले धवल शमशेर राणाले गठन गरेको जय नेपाल पार्टीले राजतन्त्रका विषयमा हस्ताक्षर अभियान र सर्भेक्षण गरिरहेको छ। यस्ता सामान्य राजनीतिक चालबाजी भनेको जनता झुक्याउने खेलामात्र हो। जबसम्म सडकमा जेनजी बिद्रोहजस्तो भयानक बिद्रोह हुनसक्दैन, तवसम्म नेपालमा हिन्दुराष्ट्र र राजतन्त्र पुनर्स्थापना हुनसक्दैन। किनकि राजतन्त्रलाई किनारा लगाउने काम नेपाली शक्तिबाट भएकै होइन। देखाउनका लागि संविधानसभाको पहिलो बैठकलाई देखाइए तापनि त्यो बैठकमा गणतन्त्र कार्यान्वयनको प्रस्ताव लाने कृष्णप्रसाद सिटौला थिए। उनले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको तर्फबाट त्यो प्रस्ताव लगेका थिए। अचम्म त के छ भने, सिटौला चुनाव हारेका हरूवा थिए। हरूवाले पेश गरेको प्रस्तावमा संविधानसभाका सदस्यहरूले टेबुल ठटाएर पास गरेर गणतन्त्र कार्यान्वयन भएको थियो। सरकार यो अवैधानिक र अराजनीतिक हर्कत थियो।

तत्कालीन सभामुख कुलबहादुर गुरूङ, जो बरिष्ठताका आधारमा संविधानसभाको पहिलो बैठकको सभाध्यक्ष बनेका थिए, उनका अनुसार थेग्नै नसकिने दबावका कारण मैले सो प्रस्ताव पेश गर्न अनुमति दिएको थिएँ। त्यो थेग्नै नसकिने दबाब कहाँबाट आएको थियो, आजसम्म प्रष्ट छैन। गुरूङका अभिव्यक्ति आज पनि यूट्यूवमा हेर्न, सुन्न सकिन्छ। त्यतिमात्र होइन, संविधान निर्माणअघि देशव्यापी जनतासँग सुझाव माग गरिएको थियो। ती सुझावहरूमा ९४ प्रतिशतका ॐकार परिवारले संवैधानिक राजतन्त्र र हिन्दुराष्ट्र कायम हुनुपर्ने सुझाव दिएका थिए। ती सुझावहरूको पोको नै खोलिएन र आज पनि बोरामा कोचेर राखिएको छ।

यसबारेमा राजतन्त्र र हिन्दुराष्ट्रका पक्षधर राप्रपाले कुनै आवाज उठाएको छैन, आन्दोलन गरेको छैन। राप्रपाको मुख्य उद्देश्य नै राजतन्त्र र हिन्दुराष्ट्र देखाएर जनतामा भ्रम छर्नु हो। यथार्थमा बिगत देखि बर्तमानसम्मको लेखाजोखा गर्दा राप्रपा राजतन्त्र र हिन्दुवादी पार्टी हो भन्न सकिने स्थिति देखिदैन। तथापि राप्रपाका नेताहरूवीच व्यक्तित्वको टकराव, राजाको नजिक को र सत्ताको खेलमा को कसरी दौडिने भन्ने मुद्दा निरन्तर चल्दै आएको रोग हो। यसकारण राजाले पनि यस्ताबाट केही लछारपाटो लाग्दैन भन्ने सोचले होला, आफू पुनः राजा हुन चाहेको हो होइन केही पनि संकेत दिने गरेका छैनन्। परम्परागत रूपमा पर्व पर्वमा दिने सन्देश र जनतासँगको एकाध भेटवार्तामा देशको चिन्ता भने प्रकट गर्ने गरेको देखिन्छ। बिगतमा राप्रपाले देखाएको नीति, सिद्धान्तमा व्यवहारगत गलत चरित्रका कारण धवल शमशेरको जय नेपाल पार्टीले संविधान संशोधनका लागि सरकारले रायसुझाव संकलन गरेको सन्दर्भमा सवैधानिक राजसंस्था र हिन्दु अधिराज्यको पक्षमा जनमत सिर्जना गर्दै सम्बन्धित तहमा सकारात्मक दबाब सिर्जना गर्ने उद्देश्यका साथ चरणबद्ध रूपमा देशव्यापी हस्ताक्षर संकलन गर्ने निर्णय गरेको भए पनि त्यसमा जनताले विश्वास गरेर त्यो पार्टीप्रति जनमत बढ्ने देखिदैन।

र, जय नेपाल पार्टीसँग विचार मिल्ने पार्टी, संगठन, समूह, अभियान तथा व्यक्तिहरूलाई पार्टीमा गोलबन्ध गर्न त्यस्तो करिस्माटिक व्यक्तित्व जय नेपाल पार्टीमा भएको पनि देखिदैन। यति मात्र होइन, आगामी स्थानीय अथवा ४ वर्षपछिको संघीय निर्वाचनमा राप्रपा अथवा कुनै पनि राजतन्त्र र हिन्दुवादी हुँ भन्ने राप्रपाजस्ता साना पार्टीमात्र होइन, एमाले, नेकपाको समेत सफाया हुने वातावरण बन्दै गएको छ। हो, कांग्रेसभित्र राजतन्त्र र हिन्दुवादको बहस चर्केको छ, यो बहस वीपी सिद्धान्तमा आधारित भयो भने कांग्रेसले आफ्नो गुमेको जनआस्था पुनआर्जित गर्न सक्ने देखिन्छ। वीपीको सिद्धान्त थियो- राजतन्त्र, प्रजातन्त्र र राष्ट्रियता। पूर्वसभापति शेरबहादुर देउवा वीपीका अनुयायी हुन्। कांग्रेसभित्र देउवा र गगन थापावीच ठूलै राजनीतिक भिडन्त भए पनि कांग्रेसभित्र वीपी सिद्धान्तमा जानुपर्ने मत बढेको छ। गिरिजाप्रसाद कोइरालाले कम्युनिष्टको पछि लाग्न गरेको निर्णयले कांग्रेसलाई जेनजी बिद्रोहले सखापै पारेको छ। किन जेनजी विद्रोह हुनपऱ्यो भनेर जवाफ दिनसमेत कांग्रेस असमर्थ छ। आत्ममिमांसा र सहीमार्गको चयन, नेपाली कांग्रेसको आजको चुनौती रहेको देखिन्छ।

बरू कांग्रेसभित्र राजतन्त्र र हिन्दुराष्ट्रको महत्व बढेको छ, तर जन्मजात राजतन्त्र र हिन्दुराष्ट्रको नीति, सिद्धान्त बोकेको राप्रपा र ६ दर्जनभन्दा बढी रहेका हिन्दुवादी संगठनहरू एक हुनसकेनन्। १२ वर्षमा खोलो पनि फर्कन्छ भन्ने कहावत छ, राप्रपा वा हिन्दुवादीहरूले १७ वर्षमा पनि एकहुने मति सुधार्न सकेनन्। यसकारण ९४ प्रतिशत ॐकार परिवार र साह्रै लोकप्रिय राजतन्त्र पुनर्स्थापना हुनेतिर कुनै दह्रो आन्दोलन हुनसकेन। यो वीचमा जति पनि आन्दोलनहरू भए, तातेको एक दुई दिनमा नै सेलाएर गए। जुन विदेशी शक्ति र सामलले राजतन्त्र र हिन्दुराष्ट्रलाई किनारा लगाए, ती शक्तिको समर्थनबिना नेपालको शान्ति, समृद्धि र जनअपेक्षा पूरा हुने कुनै सम्भाबना देखिदैन। यसको मूल कारण राजनीतिक दल र तिनका विदेशपरस्त नेताहरू नै हुन्। राजनीतिक सिद्धान्तले मात्र पनि नहुने रहेछ, नेतृत्वले सतिसाल बनेर उभिने र नेपालीत्वका लागि अडिने साहस चाहिने रहेछ। नेपालजस्ता विदेशी दानदातव्यमा चल्ने मुलुकको स्वराज यसकारण सागरमाथिको पानीजहाजजस्तो जुनसुकै बेला डोलायमान भइरहन्छ। यसमाथि भूराजनीतिले त नेपालको राजनीति र कूटनीतिलाई साह्रै प्रभावित पारेको छ।

राजतन्त्र, हिन्दुराष्ट्र, यो नीति र सिद्धान्त भएका नेताहरूको स्वार्थको सिकार बन्यो। यदि राजतन्त्र र हिन्दुराष्ट्र चाहने हो भने सबै राजतन्त्र र हिन्दुवादीहरू एकढिक्का हुने निर्णयमा पुग्नैपर्छ, अन्यथा यो सपना नै रहने छ। - *डा.विनिता*


## साक्षर समाज – सक्षम राष्ट्र

**अक्षर चिन्न सक्ने हात मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्नसक्छ, साक्षरता भनेको केवल पढ्न, लेख्न जान्नुमात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।**

शिक्षाः

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्यबोधका लागि,
- स्वास्थ्य सम्बन्धि सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।

नेपाल सरकार
विज्ञापन बोर्ड



